# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक १०६ | काठमाडौं | मंगलबार, २२ साउन २०८१ | Prabhab National Daily | Tuesday, August 06, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


बंगलादेशमा राजनीतिक उथलपुथल

# विद्यार्थी आन्दोलनले ढाल्यो हसिना शासन

## देशबाटै लखेटिइन् प्रधानमन्त्री



- प्रधानमन्त्री शेख हसिनाले पदबाट राजीनामा दिएर देश छाडिन्
- सरकारी सेवामा कोटा प्रणाली सुधारको माग गर्दै विद्यार्थी समूहले थालेको आन्दोलनले १५ वर्षदेखि सत्तामा रहेकी हसिनालाई च्युत गऱ्यो
- प्रधानसेनापतिद्वारा अन्तरिम सरकार बनाउने घोषणा
- एक तानाशाहको सत्ता अन्त्य भएको भन्दै खुसी मनाइरहे छन् प्रदर्शनकारी
- हिंसात्मक आन्दोलनको क्रममा करिब ३०० जनाको मृत्यु

■ **जेबी योञ्जन**

**काठमाडौं-** बंगलादेशमा सरकारी जागिरमा आरक्षण (कोटा) प्रणालीको विरोध गर्दै विद्यार्थी समूहले सुरू गरेको आन्दोलनले अन्ततः प्रधानमन्त्री शेख हसिनालाई राजीनामा दिन बाध्य बनाएको छ। विगत १५ वर्षदेखि लगातार सत्ता नेतृत्वमा रहँदै आएकी हसिनाले प्रधानमन्त्री पदमात्रै होइन, देश नै छाड्नुपरेको छ।

दक्षिण एसियाली मुलुक बंगलादेशमा विद्यार्थी समूहको आन्दोलन थप हिंसात्मक बनेपछि सोमबार प्रधानमन्त्री हसिनाले राजीनामा दिएर देश छाडेकी हुन्। सोमबार हजारौंको संख्यामा प्रदर्शनकारी प्रधानमन्त्रीनिवासतर्फ अघि बढेपछि उनी सेनाको विशेष हेलिकप्टरबाट सुरक्षित स्थानतर्फ भागेकी थिइन्। हसिनाले मध्याह्न १२ बजेतिर देश छाडेको त्यहाँको सेना प्रमुखले बताएका थिए।

बंगलादेशका सञ्चारमाध्यमहरूले जनाएअनुसार आफ्नी बहिनीसहित उनी सेनाको विशेष हेलिकप्टरबाट भारतको त्रिपुरा राज्यको अगरतला आएर साँझ दिल्लीको हिन्डन एयरबेस पुगेकी छन्। उनी लण्डनतर्फ जानसक्ने सम्भावना रहेकोसमेत बताइए पनि समाचार तयार पार्दासम्म त्यसको पुष्टि भएको छैन।

हसिनाले सत्ता छाडेर भागेपछि बंगलादेशमा 'एक तानाशाहको शासन अन्त्य' भयो भन्दै प्रदर्शनकारीहरूले खुसी मनाइरहेका छन्। हसिना १५ वर्षदेखि लगातार सत्तामा थिइन्। बंगलदेशको आर्थिक विकासमा उल्लेखनीय भूमिका खेलेकी उनी पछिल्लो समय तानाशाही बनेको भन्दै त्यहाँका जनताले असन्तुष्टि पोख्दै आएका थिए। उनले जनतालाई सुन्नै छाडेको जनगुनासो थियो।

यहीबीच आरक्षण र कोटा प्रणालीको विरोधमा ढाका विश्वविद्यालयका छ जना विद्यार्थीले आन्दोलन सुरु गरेका थिए। सोमबारसम्म आइपुग्दा आन्दोलन हिंसात्मक बन्यो। आन्दोलनमा ज्यान गुमाउनेको संख्या करिब ३०० पुगिसकेको छ। प्रहरी र प्रदर्शनकारीबीच झडप हुँदा आइतबारमात्रै ९० जनाको ज्यान गयो। सयौं घाइते भएका थिए। प्रहरीको पोस्टमा प्रदर्शनकारीले आक्रमण गर्दा १३ जना प्रहरीले ज्यान गुमाए। यसपछि हसिनाले प्रदर्शनकारीहरूलाई 'आतंकवादी' भनेकी थिइन्।

सोमबार आइतबारभन्दा ठूलो प्रदर्शन भयो। हजारौं संख्यामा रहेका प्रदर्शनकारीहरू प्रधानमन्त्री हसिनाको राजीनामा माग्दै प्रधानमन्त्रीनिवासतिर आएपछि पदबाट राजीनामा दिएर देश छाडिन्।

सेना प्रमुख जनरल वकार उज-जमानले हसिना देश छाडेर भागेपछि 'अन्तरिम सरकार' बनाउने घोषणा गरेका छन्। 'हामीले अन्तरिम सरकार बनाउने निर्णय गरेका छौं। हामी अब अन्तरिम सरकार गठनको विषयमा राष्ट्रपतिसँग छलफल गर्छौं। हामीलाई विश्वास गर्नुहोस्,' उनले सोमबार भने।

(**क्रमशः पृष्ठ २ मा**)

## नेपालमा प्रभाव

बंगलादेशमा भएको राजनीतिक उथलपुथलको सीधा प्रभाव नेपालको व्यापार क्षेत्रमा परेको छ। आइतबारयता नेपालको आयात र निर्यात ठप्प छ। नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड काँकडभिट्टाका प्रमुख सुवास पाण्डेका अनुसार दुई देशबीचको आयात-निर्यातका सामान बोकेका गाडीहरू नाकामा अलपत्र परेका छन्। उनले बंगलादेशबाट भन्सार छुटेका पाँचवटा गाडी र नेपालबाट छुटेका ११ वटा गाडी बाटोमै रोकिएको बताए।

यसरी एकातिर आयात निर्यात प्रभावित छँदा अर्कातिर सुरक्षा क्षेत्रमा चुनौती बढ्न सक्ने सुरक्षा निकायहरूको विश्लेषण छ। त्यस आधारमा कोशीको काँकटभिट्टासँगै मधेसका केही स्थानको सीमा क्षेत्रमा सुरक्षा व्यवस्था कडा पारिएको छ।

(**क्रमशः पृष्ठ २ मा**)

**सन्दर्भः वैदेशिक रोजगार**

# केयर गिभरका लागि ३४६१ जनाको आवेदन स्वीकृत

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** वैदेशिक रोजगार विभागले इजरायलको दीर्घकालीन स्याहार केन्द्रमा सहायक कामदार (केयर गिभर)को रूपमा जानका लागि आवेदन दिएकामध्ये तीन हजार ४६१ जनाको आवेदन स्वीकृत गरेको छ। चार हजार २४ जनाले आवेदन दिएकोमा आवश्यक कागजात परीक्षणपश्चात् उक्त संख्यामा आवेदन स्वीकृत गरिएको विभागले सोमबार जानकारी दिएको छ।

विभागले सोमबार जारी गरेको सूचनामा स्वीकृत भएका तीन हजार ४६१ आवेदनमध्ये एक हजार ८६३ पुरुष र एक हजार ५९८ महिला रहेको उल्लेख गरिएको छ। आवेदन दिएकामध्ये ३२१ जनाको आवेदन रद्द गरिएको र कागजात नपुगेका २४२ जनाको आवेदन फिर्ता पठाइएको उल्लेख छ।

विभागले स्वीकृत गरेका आवेदन इजरायलको सरकारी निकाय पिबालाई पठाएको जनाएको छ। पिबाले



'नेम चेक'को नतिजा पठाएपश्चात् सफल उम्मेदवारहरूलाई मात्रै इजरायल सरकारको छनोट कार्यक्रममा समावेश गराइने विभागले जनाएको छ।

इजरायलले सुरुमा ५०० जना मुख्य उम्मेदवार र ३०० जना वैकल्पिक गरी ८०० जना नेपालीलाई केयर गिभरमा लैजान आवेदन माग गरे पनि यो संख्यालाई बढाएर दुई हजार पुऱ्याएको थियो। जसमा मुख्य उम्मेदवार र वैकल्पिक उम्मेदवार एक/एक हजार भनी उल्लेख गरिएको छ। जसअन्तर्गत ६० प्रतिशत महिला र ४० प्रतिशत पुरुष कामदार लैजाने इजरायली नीति रहेको छ। तर आवेदन दिने नेपालीको संख्या महिलाभन्दा पुरुष बढी रहेको छ।

इजरायलले दीर्घकालीन स्याहार केन्द्रमा बच्चा, युवा तथा ६५ वर्ष ननाघेका गम्भीर अपांगता भएका व्यक्तिको हेरचाह तथा स्याहार गर्न नेपालबाट केयर गिभरको माग गर्दै आएको जनाएको छ। यसअघि नेपालबाट केयर गिभरमा काम गर्न झण्डै १२ सय नेपाली इजरायल गइसकेको विभागले जनाएको छ।

(**क्रमशः पृष्ठ २ मा**)

# दोस्रो चरणको इपिएस परीक्षामा नौ हजार परीक्षार्थी सफल

**काठमाडौं, (प्रस)-** दक्षिण कोरिया उत्पादनमूलक क्षेत्रका लागि नेपाली कामदार लैजान लिइएको दोस्रो चरणको इपिएस कोरियन भाषा परीक्षामा झण्डै नौ हजार नेपाली परीक्षार्थी सफल भएका छन्। वैदेशिक रोजगार विभागअन्तर्गतको इपिएस कोरिया शाखाका अनुसार एचआरडी कोरिया शाखाले सार्वजनिक गरेको दोस्रो चरणको नतिजामा आठ हजार ९६५ परीक्षार्थी उत्तीर्ण भएका छन्।

एचआरडी कोरिया शाखाले गएको वैशाख ३१ गतेदेखि साउन १६ गतेसम्म लिएको परीक्षामा ७९ हजार ९३७ जना सहभागी भएका थिए। जसअनुसार परीक्षामा सहभागीमध्ये ११.२१ प्रतिशतमात्र उत्तीर्ण भएका छन्। इपिएस कोरिया शाखाले दोस्रो चरणको परीक्षामा उत्तीर्ण भएकाहरूले अर्को सीप परीक्षण (स्किल टेस्ट) र 'कम्पिटेन्सी टेस्ट' लिनुपर्ने जनाएको छ।

सीप परीक्षण र कम्पिटेन्सी टेस्टको लागि यही साउन २३ गते बेलुका पाँच बजेसम्म परीक्षार्थीले आफ्नो सक्कल पासपोर्ट र प्रवेशपत्रसहित कागजात संलग्न गरी फाराम भरेर कार्यालयमा बुझाउनुपर्ने छ। अन्यथा परीक्षास्थलमा प्रवेश नगराइने कोरिया शाखाले जनाएको छ। सीप परीक्षण र कम्पिटेन्सी टेस्टमा सहभागी नहुने परीक्षार्थीको नाम उत्पादनमूलक क्षेत्रको भाषा परीक्षाको उत्तीर्ण सूचीमा समावेश नगराइने पनि शाखाले जनाएको छ।

उत्पादनमूलक क्षेत्रमा जानका लागि एक लाख ६३ हजार ६३५ जनाले आवेदन फाराम भरेका थिए। जसमध्ये पहिलो चरणको भाषा परीक्षामा ४० हजार ५८० जना सहभागी भए पनि छ हजार ३२१ जनामात्रै उत्तीर्ण भएका थिए। यसैगरी आगामी कात्तिक २६ गतेदेखि पुस २ गतेसम्म लिइने तेस्रो चरणको परीक्षामा ३६ हजार १७९ जना परीक्षार्थी सहभागी हुने इपिएस शाखाले जनाएको छ।

रोजगारीको आकर्षक गन्तव्य मानिएको दक्षिण कोरियामा जिटुजी सम्झौताअनुसार इपिएस प्रणालीमार्फत नेपाली श्रमिक पठाउने व्यवस्था छ। त्यसका लागि भाषा परीक्षा अनिवार्य उत्तीर्ण भएको हुनुपर्छ। गत वर्षदेखि भाषा परीक्षा पास गरी सीप परीक्षणमा उत्तीर्ण भएकालाई मात्र रोजगारीमा लैजाने सूचीमा राखी प्रक्रिया अगाडि बढाउने गरिएको छ।




# स्वयम्भूमा एक महिनासम्म लाग्ने गुँला पर्व सुरु

**काठमाडौं (प्रस)-** प्रत्येक वर्ष साउन शुक्ल प्रतिपदादेखि एक महिनासम्म स्वयम्भूमा लाग्ने मेला सोमबारदेखि सुरु भएको छ । बौद्ध धर्मावलम्बीले मनाउने चाड गुँला पर्वका रूपमा मेला अवधिभर प्रत्येक बिहान बाजा बजाउँदै स्वयम्भू महाचैत्यको दर्शन गरी त्यस वरपर क्षेत्रमा परिक्रममा गर्ने प्रचलन छ ।

बौद्ध धर्मावलम्बीहरूले यो एक महिनाको समयावधिलाई पवित्र महिनाका रूपमा लिनाका साथै करुणामयको नामबाट चिनिने मत्स्येन्द्रनाथको दर्शन गर्दछन् । यसरी तीर्थ गरेमा पुण्य सञ्चय हुने विश्वास बौद्ध धर्मावलम्बीको रहेको स्वयम्भू व्यवस्थापन तथा संरक्षण महासमितिले जनाएको छ । स्वयम्भूमा मेला भरेपछि नजिकै रहेका शोभाभगवती, विजेश्वरीलगायत तीर्थस्थलको परिक्रमा गर्ने परम्परा रहेको महासमितिका महासचिव अशोक बुद्धाचार्यले बताए ।

महासमितिले विश्वसम्पदा स्वयम्भू तथा यस आसपास क्षेत्रका गुम्बामा दर्शनका लागि आउने भक्तजनको सुरक्षा, मेलामा हुने घुइँचो व्यवस्थापन, सरसफाइ, रंगरोगन, सडक बत्ती व्यवस्थापनलगायत सम्पूर्ण तयारी पूरा गरी सोमबारदेखि मेला सुरु गरिएको महासचिव बुद्धाचार्यले जानकारी दिए ।

चैत्यको जीर्णोद्धार सम्पन्न गरिएकाले यस वर्ष दर्शन गर्न आउने भक्तजनको संख्या बढ्ने अपेक्षा गरिएको उनले उल्लेख गरे । थेरवाद, महायान र बज्रयान सम्प्रदायका अनुयायीहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरबाट एक महिनाको अवधिमा करिब पाँच लाख आउने अपेक्षा गरिएको महासमितिले जनाएको छ ।

स्वयम्भूस्थित महानगरीय प्रहरी वृत्तले उक्त मेलामा आउने भक्तजन तथा सर्वसाधारणको सुरक्षाका साथै सडकमा ट्राफिक व्यवस्थापन गर्ने महासचिव बुद्धाचार्यको भनाइ छ । 'संस्कृतमा स्वयम्भूको अर्थ आफैं उत्पन्न भएको भूमि हो । यहाँ विपश्वी बुद्धले आएर पूजा गरेको धर्मावलम्बीको विश्वास छ,' उनले भने ।

विशेषगरी बौद्ध अनुयायीले विभिन्न धार्मिक गतिविधि गर्ने उक्त स्थलमा तान्त्रिक देवीदेवताको पनि विश्रामस्थल रहेको जनविश्वास छ । यहाँ सबै सम्प्रदायका बौद्ध अनुयायी तथा हिन्दू धर्मावलम्बीले आस्था प्रकट गर्दछन् । यस आसपासमा रहेको अनन्तपुर र प्रतापपुर पनि जीर्णोद्धार सम्पन्न गरिएपछि आन्तरिक तथा बाहृय पर्यटकको आगमन वृद्धि हुँदै गएको महासमितिका महासचिव बुद्धाचार्यले जानकारी दिए ।

# सेवाको गुणस्तर थप सुधार गर्न निर्देशन

**काठमाडौं (प्रस)-** नेपाल प्रहरीका प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले सेवाको गुणस्तर सुधार गर्न प्रहरी कर्मचारीलाई निर्देशन दिएका छन् । प्रहरी प्रधान कार्यालयबाट 'भर्चुअल' माध्यमद्वारा सोमबार कर्मचारीलाई निर्देशन दिँदै प्रहरी महानिरीक्षक कुँवरले मनसुनजन्य तथा अन्य प्राकृतिक प्रकोपका घटनामा परेकाको उद्धार कार्यलाई थप प्रभावकारी बनाउन निर्देशन दिएका हुन् ।

सडक दुर्घटना न्यूनीकरण तथा जनचेतना फैलाउन विभिन्न सरोकारवाला निकाय, स्थानीय तह तथा नागरिक समाजसँग समन्वय गरेर प्रभावकारी ढंगले परिचालन हुन र मातहतलाई परिचालन गराउन सक्रियता बढाउनुपर्नेमा जोड दिए । उनले लागुऔषधको बढ्दो ओसारपसार र प्रयोग नियन्त्रण, सीमावर्ती अपराध नियन्त्रण, तस्करी नियन्त्रण, राजस्व चुहावट नियन्त्रण, बैंकिङ कसुरलगायत आर्थिक अपराधहरूको नियन्त्रण गर्न उपलब्ध साधनस्रोतको अधिकतम प्रयोग गरी सकारात्मक नतिजा आउने गरी काम गर्न पनि आग्रह गरे ।अपराध अनुसन्धानको क्रममा घटनाको गहनता बुझेर प्रविधिको उच्चतम प्रयोग गर्नुपर्ने र महिला बालबालिका तथा ज्येष्ठ नागरिकमाथि हुने अपराधमा विशेष संवेदनशील भई कार्य गर्न पनि उनले निर्देशन दिए ।

काठमाडौं उपत्यका प्रहरी कार्यालय, सातवटै प्रदेश प्रहरी कार्यालय, नेपाल प्रहरी प्रदेश प्रहरी कार्यालय, प्रदेश तालिम केन्द्र, नेपाल प्रहरी राजमार्ग सुरक्षा ट्राफिक व्यवस्थापन कार्यालय, जिल्ला प्रहरी परिसर, जिल्ला प्रहरी कार्यालय, विभिन्न गणका प्रमुख तथा प्रतिनिधिको भर्चुअल उपस्थिति रहेको थियो ।

# मुख्यमन्त्री कँडेललाई विश्वासको मत



**सुर्खेत (प्रस)-** कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले दोस्रोपटक विश्वासको मत प्राप्त गरेका छन् । उनले संविधानको धारा १८८ को उपधारा २ बमोजिम विश्वासको मत पाउँ भनेर प्रदेशसभासमक्ष प्रस्ताव पेस गरेका थिए । कूल ४० सदस्यीय प्रदेशसभामा ३८ जना प्रदेशसभा सदस्य सोमबारको प्रक्रियामा सहभागी थिए ।

कांग्रेस संसदीय दलका नेता जीवनबहादुर शाही निलम्वनमा परेका छन् भने राप्रपा सांसद सन्तोषी शाही बैठकमा उपस्थित भएनन् । सभामुखसहित ३८ मध्ये मतदानमा ३७ जना सदस्य सहभागी भएका थिए । सहभागीमध्ये मुख्यमन्त्री कँडेलको पक्षमा २३ र विपक्षमा १४ मत पर्‍यो । एमाले संसदीय दलका नेतासमेत रहेका कँडेललाई एमालेका नौ, कांग्रेसका १४ जना सदस्यले मत दिएका थिए ।

मत नदिनेमा प्रतिपक्षी दल माओवादी केन्द्रका १३ र समाजवादीको एक जना प्रदेशसभा सदस्य रहेका छन् । प्रदेश सरकार बनाउनका लागि कम्तीमा २१ मत आवश्यक पर्छ । मुख्यमन्त्री कँडेलले आफू कर्णालीको विकास र समृद्धिका लगातार अग्रसर भइरहने बताए । उनी चैत २७ गते मुख्यमन्त्री नियुक्त भएका थिए । उनले वैशाख १३ गते पहिलोपटक प्रदेशसभाबाट विश्वासको मत पाएका थिए ।

त्योबेला कँडेलले माओवादी र समाजवादीको समर्थन पाएका थिए । केन्द्रमा बदलिएको समीकरणसँगै कर्णालीमा पनि कांग्रेस-एमालेबीच सरकार गठन भएको छ । गत साउन ७ गते सत्तासाझेदार दल नेकपा (माओवादी)ले समर्थन फिर्ता लिएपछि उनले विश्वासको मत लिएको जानकारी दिए ।

सोहीअनुसार कँडेल नेतृत्वको मन्त्रिपरिषद्बाट माओवादी बाहिरिएको छ भने कांग्रेस सहभागी भएको छ । मुख्यमन्त्री कँडेलले आइतबार मात्रै कांग्रेसका चारजना मन्त्री नियुक्त गरेका थिए ।

# सुदूरपश्चिममा मुख्यमन्त्री शाहको पदबहाली

**सुदूरपश्चिम (प्रस)-** सुदूरपश्चिम प्रदेश सरकारका नवनियुक्त मुख्यमन्त्री कमलबहादुर शाहले सोमबार पदबहाली गरेका छन् । पदबहाली गर्दै उनले प्रदेशमा बजेट शून्यताको अवस्था चाँडै अन्त्य गर्ने प्रतिबद्धता जनाए ।

उनले भने, 'बजेट शून्यताको अन्त्य गर्न सचिवहरूसँग छलफल गरेर राजस्व संकलन र दैनिक खर्चको निकास छिट्टै दिन्छौं ।' आर्थिक वर्ष २०८१/८२ का लागि प्रदेशसभामा प्रस्तुत बजेटमाथि छलफल गरेर पारित गर्नमा भएको ढिलाइ भएपछि प्रदेशमा यही साउन १ गतेबाट बजेट शून्यताको अवस्था छ ।

मुख्यमन्त्री शाहले प्रदेश सरकार मातहतका निकायमा वित्तीय अनुशासन, सुशासन प्रवर्द्धन र भ्रष्टाचार न्यूनीकरणका लागि अध्ययन गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको संयोजकत्वमा एक कार्यदल गठन गरेका छ । कार्यदललाई १५ दिनभित्र प्रतिवेदन पेस गर्नुपर्ने गरी जिम्मेवारी दिइएको छ ।

यसैगरी प्रदेशका सरकारी अस्पतालमा बिरामीलाई आवश्यक पर्ने रगत निःशुल्क उपलब्ध गराउने निर्णय पनि उनले गरेका छन् । यसका लागि नेपाल रेडक्रस सोसाइटीको सहकार्यमा निःशुल्क 'ब्लड बैंक' सञ्चालन र व्यवस्थापनका लागि अध्ययन गरी सोको कार्यान्वयनका लागि आवश्यक निर्णय गर्न सामाजिक विकास मन्त्रालय निर्देशन दिने निर्णय गरिएको छ ।

नेपाली कांग्रेस संसदीय दलका नेता एवं नवनियुक्त मुख्यमन्त्री शाहको सिफारिसमा नेपालको संविधानको धारा १६८ को उपधारा (९) बमोजिम प्रदेश प्रमुख नजिर मियाँले सोमबार प्रदेशको मन्त्रिपरिषद् गठन र कार्यविभाजन गरेका छन् । जसअनुसार बहादुरसिंह थापाले आर्थिक मामिला, सुरेन्द्रबहादुर पालले भौतिक पूर्वाधार विकास र मेघराज खड्काले सामाजिक विकासमन्त्रीको जिम्मेवारी पाएका छन् ।

यस्तै लक्ष्मणकिशोर चौधरी उद्योग, पर्यटन, वन, तथा वातावरण मन्त्री, हीरा सार्की आन्तरिक मामिला तथा कानुनमन्त्री र वीरबहादुर थापा भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रीमा नियुक्त भएका छन् । प्रकाशबहादुर बम आर्थिक मामिला, सरस्वती खड्का सामाजिक विकास र निर्मला साउद भौतिक पूर्वाधार विकास राज्यमन्त्रीमा नियुक्त भएका छन् ।

आर्थिक मामिला मन्त्री थापा र समाजिक विकास मन्त्री खड्का, राज्यमन्त्रीहरू प्रकाशबहादुर बम र सरस्वती खड्का कांग्रेसका सांसद हुन् । भौतिक पूर्वाधार विकास मन्त्री पाल, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री थापा र आन्तरिक मामिला तथा कानुनमन्त्री सार्की एमालेका सांसद हुन् ।

उद्योग पर्यटन, वन तथा वातावरणमा नियुक्त चौधरी नागरिक उन्मुक्ति पार्टीका सांसद हुन् भने राज्यमन्त्रीमा नियुक्त निर्मला साउद एमालेकी सांसद हुन् । प्रदेश प्रमुख मियाँले नवनियुक्त मुख्यमन्त्री र मन्त्रीहरूलाई छुट्टाछुट्टै रूपमा पद तथा गोपनीयताको सपथ गराउनु भयो । सोही समारोहमा मुख्यमन्त्री शाहले नवनियुक्त राज्यमन्त्रीलाई पद तथा गोपनीयताको शपथ गराए ।

पृष्ठ १ बाट क्रमशः

## विद्यार्थी आन्दोलनले...

उनले विपक्षी राजनीतिक दलका नेताहरूसँग संवाद थालेका छन् । तर, कसको नेतृत्वमा अन्तरिम सरकार गठन गर्ने ? टुंगो लागेको छैन । विपक्षी दलका नेताहरू पनि पटक-पटक सत्तामा परीक्षण भइसकेकाले जनताले उनीहरूप्रति विश्वास नगरेको बंगलादेशकै चटगाउँ निवासी सामाजिक अभियन्ता बाबर अलीले बताएका छन् ।

यसबीच अन्तरिम सरकारको प्रमुखका रूपमा कतिपयले बंगलादेशका पूर्वगभर्नर सलाउद्दिन अहमद र नोबेल शान्ति पुरस्कार विजेता डा. मोहमद युनुसजस्ता व्यक्तिलाई नियुक्त गर्नुपर्ने मत प्रकट गरिरहेका छन् । हसिना नेतृत्वको सत्तामा भएका अधिकांश नेताहरू भ्रष्टाचारमा मुछिएका थिए । उनी नेतृत्वको दल अवामी लिगले सन् २००९ देखि सत्ता चलाइरहेको थियो । उनकै सरकारले सन् २०१४ मा गरेको निर्वाचनमा प्रतिपक्षी दल नागरिक समाजसहितका दलहरू नै चुनावमा सहभागी भएनन् ।

सन् २०१९ र २०२४ मा अन्य केही राजनीतिक दल चुनावमा थिए, तर सबैभन्दा ठूलो प्रतिस्पर्धीले चुनावमा भाग लिएन । यससँगै हसिनाको दलको दुईतिहाइ बहुमत थियो । उनी केही महिनायता फेरि प्रधानमन्त्रीको कुर्सीमा थिइन् । तर, सरकारी सेवामा आरक्षण (कोटा) प्रणालीलाई सुधार्नुपर्ने भन्दै ढाका विश्वविद्यालयका छ जना विद्यार्थीले नेतृत्व गरेको आन्दोलन देशका ठाउँठाउँबाट गरी सोमबारसम्म १५८ जना विद्यार्थी आन्दोलनको नेतृत्वमा थिए ।

विद्यार्थीहरूले सन् १९७१ मा भएको बंगलादेशको स्वतन्त्रता आन्दोलनमा सहभागी भएकाहरूको सन्तानलाई सरकारी सेवामा कोटा ३० देखि ४० प्रतिशत आरक्षण रहेकोमा त्यसमा सुधारको माग राखेका थिए । ५३ वर्षअघि भएको स्वतन्त्रता आन्दोलनमा सहभागी भएकाहरू बितिसके । तर, उनीहरूका नाति पुस्तालेसमेत सरकारी सेवामा उक्त कोटाको उपभोग गरिरहेका छन् । यसलाई नै सुधार गर्नुपर्ने भन्दै आन्दोलनमा उत्रिएका विद्यार्थीहरूमाथि हसिना सरकारले दमन गर्‍यो । सोमबारसम्म करिब ३०० जनाले ज्यान गुमाए ।

जबकि, बंगलादेशको सर्वोच्च अदालतले दुई हप्ताअघिमात्रै कोटा प्रणालीलाई हटाउने निर्णय गरेको थियो । तर, त्यतिञ्जेल आन्दोलनमा १०० जना मारिइसकेका थिए । त्यसपछि कोटा प्रणालीविरुद्धको आन्दोलन न्यायको आन्दोलनमा परिणत भयो । विद्यार्थीलाई दमन गर्नेहरूले राजीनामा दिनुपर्छ भन्ने माग उठ्यो । यहीबीच हसिना सरकारले भने ठाउँठाउँमा अपरेसन चलाएर विद्यार्थीमाथि बल प्रयोग गर्‍यो । यसपछि मात्रै प्रदर्शनकारीहरूले प्रधानमन्त्री हसिनाको राजीनामा मागेका थिए ।

उनीहरूले देशव्यापी प्रदर्शन चर्काएका थिए । प्रदर्शनलाई नियन्त्रण गर्न प्रधानमन्त्री हसिनाले आइतबार अनिश्चित्कालीन कफर्चु आदेश जारी गरेकी थिइन् । सोमबार बिहान कफर्चु आदेशको परवाह नगरी आक्रोशित प्रदर्शनकारीहरू प्रधानमन्त्री निवासतिर अघि बढेका थिए । अन्ततः उनीहरू प्रधानमन्त्री निवास पुगेर नाराबाजी गर्दै तोडफोडमा उत्रिएका बंगलादेशका सञ्चारमाध्यमहरूले समाचार लेखेका छन् । यसरी बहुमतको बलमा जनताको कुरा नसुन्ने सरकार प्रमुख हसिनाको दुःखद् राजनीतिक अवशान बंगलादेशमा भयो ।

उनका पिता शेख मुजिवुर रहमान हुन् । उनलाई बंगलादेशको पिता मानिन्छ । कारण, उनकै नेतृत्वमा ५३ वर्षअघि बंगलादेशमा स्वतन्त्रता आन्दोलन भएको थियो । पाकिस्तानबाट बंगलादेशलाई अलग्याएर छुट्टै स्वतन्त्र देश बनाउन अग्रणी भूमिका खेलेका रहमान सेनाले १९७५ मा कू गर्दा मारिएका थिए । छोरी हसिना भने जनताको शक्तिसामु झुक्दै सत्ताबाट अलग भएर देश छाड्न बाध्य भइन् ।

प्रदर्शनकारीहरूले प्रधानमन्त्री निवास गणभवनमा कुर्सी तोड्फोड गरेका छन् । बंगलादेशका पिता रहमानको शालिकलाई प्रदर्शनकारीहरूले तोडिदिएका छन् । गृहमन्त्रीको निवासबाट धुँवाको मुस्लो आएको र सहरमा लुटपाट मच्चिएको विवरणहरू आएका छन् । अधिकांश प्रदर्शनकारीहरू खुसी मनाइरहेका छन् । उनीहरूले बंगलादेश 'दोस्रोपटक स्वतन्त्र' भएको बताएका छन् ।

यस्तो संकटकालीन अवस्थाबीच प्रधानसेनापतिले राष्ट्रपति मोहम्मद शहाबुद्दिनसँग भेट गरेका छन् । राष्ट्रपतिसँगको भेटपछि अन्तरिम सरकार गठनबारे टुंगोमा पुग्न सकिने बताएका छन् ।

## नेपालमा प्रभाव...

सशस्त्र प्रहरीले बोर्डर आउटपोस्ट (बिओपी)मा थप जनशक्ति परिचालन गरेको जनाएको छ । बिदामा रहेकाहरूलाई समेत बोलाइएको सशस्त्रका प्रवक्ता डीआईजी कुमार न्यौपानेले बताए ।

उता ढाकास्थित नेपाली राजदूतावासले अध्ययनका लागि बंगलादेशमा रहेका नेपाली विद्यार्थीहरूलाई दूतावाससँग समन्वय नगरी देश नछाड्न आग्रह गरेको छ । दूतावासले यात्रा निर्देशिकासम्बन्धी एक विज्ञप्ति जारी गर्दै बंगलादेशमा उनीहरूलाई थप सतर्कता अपनाउन पनि भनेको छ ।

'सम्पूर्ण नेपालीहरूलाई आफू बसेको स्थानमा सुरक्षित रहन र अधिकतम सतर्कता अपनाउन अनुरोध छ,' दूतावासले यात्रासम्बन्धी जारी निर्देशनमा उल्लेख गरेको छ ।

दूतावासका अनुसार बंगलादेशमा रहेका नेपालीहरू हालसम्म सुरक्षित छन् । त्यहाँ भएकामध्ये अधिकांश चिकित्सा शिक्षा अध्ययनका लागि पुगेका हुन् । यदि, नेपाल फर्किने हो भने दूतावासले सम्पर्कका लागि दुईवटा टेलिफोन नम्बर सार्वजनिक गरेको छ ।

दूतावासका अनुसार नेपालीहरूले ८८०१८८०६९१०१३ वा ८८०१७४५४०७९५८ नम्बरमा सम्पर्क गरेर आवश्यक सहयोग लिन सक्ने छन् । यसअघि दूतावासले त्यहाँ रहेका नेपाली विद्यार्थीहरूलाई भारतको सडकमार्ग हुँदै नेपालको पूर्वी सीमा काकरभिट्टासम्म ल्याउने व्यवस्था गरेको हो । त्यसरी दुई हजार २०० को संख्यामा नेपाली विद्यार्थीहरूलाई पठाइएको दूतावासले जनाएको छ । अब ४०० को संख्यामा नेपाली विद्यार्थी रहेको बताइएको छ । उनीहरू अस्पतालहरूमा इन्टर्नसिपका रूपमा कार्यरत रहेको दूतावासकी द्वितीय सचिव योजना बम्जनले जानकारी दिइन् ।

## 'बहुमत हुँदा जे गरे हुन्छ भन्ठाने दुभार्यपूर्ण'

बंगलादेशकी प्रधानमन्त्री शेख हसिना पद त्याग्दै देश छाडेर भाग्न बाध्य भएको घटनालाई लिएर नेकपा माओवादी केन्द्रका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले प्रधानमन्त्री केपी शर्मा ओलीलाई लक्षित गर्दै बंगलादेशबाट सिक्नुपर्ने बताएका छन् ।

'म यत्ति भन्छु, हामीसँग बहुमत छ जे गरे पनि हुन्छ भनेर शासकहरूले ठान्नु दुर्भाग्यपूर्ण भन्ने कुरा नेपाली शासकहरूले बुझ्दा राम्रो हुन्छ,' सोमबार विराटनगर विमानस्थलमा पत्रकारहरूसँग दाहालले भने ।

हाल संसद्मा कांग्रेस-एमाले नेतृत्वको गठबन्धनसँग दुईतिहाइ बहुमत छ । यसप्रति लक्षित गर्दै दाहालले बहुमत छ भन्दैमा जे गरे पनि हुन्छ भन्ने मानसिकता बनाए दुभार्ग्यपूर्ण हुने बताएका हुन् ।

## केयर गिभर...

केयर गिभरमा छनोट हुनेले मासिक पाँच हजार ८८० सेकेल इजरायली मुद्रा अर्थात् दुई लाख १० हजार रूपैयाँभन्दा बढी पारिश्रमिक पाउने छन् भने करार अवधि सुरुमा एक वर्षको हुने छ । त्यसपछि बढीमा पाँच वर्षसम्म थप गर्न पाइने छ ।

यसै सन्दर्भमा इजरायलमा कामदार पठाउने प्रक्रिया जिटुजीअन्तर्गत पर्ने भएकाले छनोट प्रक्रिया निष्पक्ष र पारदर्शी हुने उल्लेख गर्दै अनधिकृतरूपमा रकम संकलन भइरहेको जानकारी आएको भन्दै यसप्रति विभागको गम्भीर ध्यानाकर्षण भएकोसमेत उल्लेख गरिएको छ । तसर्थ कतिपय व्यक्ति/समूहबाट छनोट प्रक्रियाबारे फैलाइएका भ्रममा नपर्न र अनधिकृतरूपमा रकम नबुझाउन पनि विभागले सम्बन्धित सबैमा आग्रह गरेको छ । यसअघि असार १३ गते इजरायलमा जान इच्छुक कामदारहरूको आवेदन आह्वान गरेलगत्तै विभागले एक सूचना जारी गर्दै गैरकानुनीरूपमा प्रलोभनमा पारी रकम ठगी गर्ने गिरोह सक्रिय भएको भन्दै सचेतता अपनाउन आग्रह गरेको थियो ।


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : IMDAAD L.L.C.

पूर्व स्वीकृति मिति: २०८०/०७/२० पून : विज्ञापन स्वीकृति मिति : २०८१/०४/२१ LT. No. 294811 चलानी नं. ६०२२०४१३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner/general Labourer | 350 | 0 | 800 | २९,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner/janitress | 0 | 350 | 900 | ३२,८१५ | | | | | | | |
| 3 | Life Guard | 25 | 25 | 1625 | ५५९,२५० | | | | | | | |
| 4 | Office Boy | 50 | 0 | 1200 | ४३,७५५ | | | | | | | |
| 5 | Office Girl | 0 | 50 | 1200 | ४३,७५५ | | | | | | | |
| 6 | Rope Access Machine Operator | 25 | 0 | 1500 | ५४,६९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: बुट्वल मल्टिपल ट्रेनिङ सेन्टर, तिलोत्तामा, बुट्वलमा मिति: २०८१ साउन २३ गते (7 Aug 2024) मा हुनेछ ।
बुट्वलको लागि सम्पर्क: ९८५७०४४४७३/९८५११०३९६७/९८४७३१५६७२/९८४३२१०३०४

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १६५२/०८०/०८१
Yovant Recruitment Services PVT. LTD.)
Samakhushi-26, Kathamndu, Nepal Phone No.01-4973973
Mob : 9815015291, 9849842264, 9851019844, 9769359609, yovant1652@gmail.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL MONASH TIME FOR JUICE COMPANY

पूर्व स्वीकृति मिति २०८०/०३/१७ पुन विज्ञापन स्वीकृति मिति २०८१/०४/२१ LT. No. 288804 चलानी नं. ६०२०४११५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Juice Maker | 3 | 3 | 140 | ५९,८१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter/waitress | 3 | 2 | 120 | ५१,२७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २९ गते (13th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०७/०५९/६०
BHAIRAB INTERNATIONAL SERVICE PVT. LTD.
Sinamangal-9, Kathmandu, Nepal. Tel: + 977-1-4110906, Mobile: 9803411034, 9741688728
Email: service.bhairabintl@gmail.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAFINA DELIVERY FOR DELIVERING CONSUMER ORDERS

पूर्व स्वीकृति मिति २०८०/०७/२२ पुन विज्ञापन स्वीकृति मिति २०८१/०४/२१ LT. No.294823 चलानी नं.६०२०९९४०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Vehicle Driver | 30 | 0 | 140 | ६०,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २९ गते (13th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०१८/०६८/०६९
Green Tara International Overseas Services Pvt. Ltd.
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALIGN TEAM LLC

पूर्व स्वीकृति मिति २०८०/०६/१७ पुन विज्ञापन स्वीकृति मिति २०८१/०४/२१ LT No. 293583 चलानी नं ६०२०८६६४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 37 | 0 | 900 | ३२,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Packer | 50 | 0 | 900 | ३२,६७० | | | | | | | |
| 3 | Host | 20 | 20 | 1600 | ५८,०८० | | | | | | | |
| 4 | Female Cleaner | 0 | 18 | 1100 | ३९,९३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २९ गते (13th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ७५१/०६४/०६५
Dubai Overseas International Pvt. Ltd.
Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CHEF'S VIEW CATERING

पूर्व स्वीकृति मिति २०८१/०४/२१ LT. No. 308411 चलानी नं. ६०२२३०७२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ANOUSH TRADING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०४/२१ LT. No. 308410 चलानी नं. ६०२२३०७१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packaging And Wrapping Worker | 5 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २९ गते (13th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १८९/०५७/०५८
Kapeel Manpower Pvt. Ltd.
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407, Mobile: 9851324457, 9823299605
E-mail: kapeelmanpowerpvtltd@gmail.com, Website: www.kapeelmanpower.com.np

# विश्व आदिवासी दिवस सप्ताहव्यापी मनाइँदै

**काठमाडौं (प्रस)**- विश्व आदिवासी दिवसका अवसरमा नेपाल जनजाति महासंघले सप्ताहव्यापी कार्यक्रम आयोजना गर्ने भएको छ। प्रत्येक वर्ष अगस्ट ९ मा विश्व आदिवासी दिवस मनाइँदै आइएको छ। नेपालका आदिवासीले पनि जातीय, भाषिक, सांस्कृतिक तथा धार्मिक पहिचानलाई स्थापित गर्न यस दिवसलाई अवसरका रूपमा मनाउँदै आएका छन्।

३०औं विश्व आदिवासी दिवसका अवसरमा महासंघले यस वर्ष विभिन्न जातीय संस्थासहित आ-आफ्नो मौलिक सांस्कृतिक नृत्य, झाँकी, कलाकृति र जातीय भेषभूषासहित सप्ताव्यापी कार्यक्रम आयोजना गर्ने जनाएको। महासंघले सोमबार यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा यस दिवसका अवसरमा यही साउन २० गतेदेखि २७ गतेसम्म विभिन जातीय संघसंस्थासहित आयोजना गरिने कार्यक्रमबारे जानकारी दिएको हो।

यस वर्ष 'संविधान प्रदत्तअधिकार आदिवासीहरूको विशेष क्षेत्र, संरक्षित क्षेत्र र स्वायत्त क्षेत्र कार्यान्वयन गर, प्रदेश र स्थानीय तहको सरकारी कामकाजको भाषामा आदिवासी जनजातिको भाषा लागू गर' भन्ने मूल नारासहित यो दिवस मनाइँदै छ।

महासंघका अध्यक्ष गेल्जे लामा शेर्पाले संविधानप्रदत्त आदिवासीको हक कार्यान्वयनका लागि जातीय संगठनले एकजुट भएर पहल गर्ने प्रतिबद्धता व्यक्त गरे। उनले आदिवासीको मुद्दालाई राष्ट्रिय वा अन्तर्राष्ट्रियरूपमा बहस पैरवी गर्ने समेत यो दिवस महत्त्वपूर्ण अवसर भएको बताए।

'यस दिवसले आदिवासीको मौलिक ज्ञान सीप, प्रथाजनित भूमि, थातथलोको संरक्षण एवं प्रवर्द्धन र जैविक विविधता एवं प्राकृतिक स्रोतको संरक्षण गर्न विशेष पहल गर्ने छ,' अध्यक्ष शेर्पाले भने, 'राज्यका हरेक निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा अर्थपूर्ण र सम्मानजनक सहभागिता जनाउने मुद्दालाई राष्ट्रिय वा अन्तर्राष्ट्रियरूपमा बहस पैरवी गर्नेसमेत महत्त्वपूर्ण अवसरका रूपमा यसलाई मनाइँदै आएका छौं।'

महासंघका महासचिव दिवस राईले साउन २५ गते देशभरका आदिवासी जनजातिका मातृभाषा, लोक भाकामा बनेका गीत, सांस्कृतिक झाँकी, स्थानीय र रैथाने प्रकृतिका आदिवासी जनजातीय कलाकृतिसहितका प्रदर्शनी र विभिन्न जातीय भेषभूषासहित राजधानीका विभिन्न भागमा परिक्रमा गरिने छ। काठमाडौंको भृकुटीमण्डपको प्रदर्शनीमार्गदेखि प्रज्ञाभवन कमलादीसम्म आदिवासी जनजातिहरूको भव्य प्रस्तुतिलाई प्रतिविम्बित गरिने महासंघले जनाएको छ।

# 'हेमबहादुर मल्ल सम्मान' डा. थापालाई प्रदान गरिने

**काठमाडौं (प्रस)**- नेपाल जनप्रशासन संघले वि.सं. २०७९ सालको हेमबहादुर मल्ल सम्मान डा. भेषबहादुर थापालाई प्रदान गर्ने भएको छ। संघले संस्थापक अध्यक्ष स्व. मल्लको स्मृतिमा उक्त पुरस्कार स्थापना गरेको हो, जुन दुई लाख रूपैयाँ राशिको रहेको छ। पुरस्कारको सौजन्य साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडले गरेको छ।

'पाँच दशकदेखि निरन्तर सार्वजनिक जीवनका आर्थिक, प्रशासनिक, प्राज्ञिक र कूटनीतिक क्षेत्रमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै ती क्षेत्रको संस्थागत विकास र अन्तर्राष्ट्रियस्तरमा नेपालको राष्ट्रिय हित र श्रीवृद्धिका लागि पुऱ्याउनुभएको योगदानको कदरस्वरूप हेमबहादुर मल्ल सम्मान २०७९ डा. भेषबहादुर थापालाई प्रदान गरिने भएको हो,' संघले सोमबार आयोजित पत्रकार सम्मेलनमार्फत जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ।

यो सम्मान भोलि (२३ साउन) विशेष समारोहबीच प्रदान गरिने संघले जनाएको छ। पूर्वअर्थमन्त्री एवं पूर्वसचिव शंकरप्रसाद कोइराला संयोजक रहेको समितिले डा. थापालाई सम्मानका लागि छनोट गरेको जानकारी दिइएको छ।

## मालपोत कार्यालय टीकापुरबाट प्रकाशित हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

उपर्युक्त सम्बन्धमा जिल्ला कैलाली टीकापुर न.पा. वडा न. ९ बस्ने पशुपति विश्वकर्माको निबेदन अनुसार दिलु कामीको बुहारी बिरकेसे कामीको पत्नी शारदा देबी कामीको मिति २०७७-६-३ मा आफ्नै कालगतिले मृत्यु भईसकेकोले मृतक ज.ध. को शेष पछिको हकदारमा मृतकको पति बिरकेसे कामीको मिति २०६६-७-५ र एकमात्र छोरा नृप बहादुर कामीको २०७७-७-३ मा मृत्यु भइसकेकोले त्यसपछिको हकदारमा मृतक ज.ध. को १ एक बुहारी-नृप बहादुर कामीको पत्नी पशुपति विश्वकर्मा मात्र अंसियार भएकाले मृतक शारदा देवी कामीका नाममा दर्ता भएको जिल्ला कैलाली धनसिँहपुरगाबिस वडा नं. ४ कि.न. ३८३ ज.बि. ०-१-०-० जग्गा निवेदक ज.ध. को बुहारी पशुपति विश्वकर्माले मेरो नाममा एकलौटी नामसारी गरीपाउँ भनी ज.ध. प्रमाणपूर्जाको सक्कल, चालु आ.व. को मालपोत तिरेको रसिद, नागरिकता प्रमाणपत्रको प्रतिलिपी, नाता प्रमाणित, मृत्युदर्ता प्रमाणपत्र, वडा कार्यालयको शिफारिस सहित यस कार्यालयमा मिति २०८१-२-१३ मा निवेदन दिएकोले उक्त जग्गा निवेदक पशुपती बिश्वकर्माका नाममा एकलौटी नामसारी नगर्नुपर्ने कुनै कारण भए वा कसैको हकभोग जाने भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैतिस) दिनभित्र स-प्रमाणसहित हकदावी गर्न आउनुहोला। अन्यथा ऐन कानुन बमोजिम उक्त जिल्ला कैलाली धनसिँहपुर गाविस वडा नं. ४ कि. नं. ३८३ ज.वि.०-१-०-० जग्गा निवेदक पशुपति विश्वकर्माका नाममा एकलौटी नामसारी दा खा भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

# Narainapur Rural Municipality
## Office of Rural Municipal Executive
### Narainapur, Banke
### Lumbini Province, Nepal

## INVITATION FOR ELECTRONIC BIDS (E-BIDDING)

*Date of publication: 22nd Shawan, 2081 (6th August, 2024)*

1. Narainapur Rural Municipality, ***Narainapur, Banke*** invites **Electronic Bids** from eligible bidders for the works as described in table under National Competitive Bidding - Electronic Procedures

| S.N. | Contract Identification | Name of Project & Location | Estimated Amount (without Vat, Contingencies & PS Items) NRs. | Bid Security Amount | Cost of Bid NRs. |
|---|---|---|---|---|---|
| 1 | NRM/ WORKS/NCB/ ROAD/11-2081/082 | Construction of Drain Works from Hulaki Road to Adarsh Secondary School in Laxmanpur, Narainapur – 2, Banke | 17,404,199.03 /- | 4,50,000.00/- | 3000/- |

2. Eligible bidders may obtain further information from Narainapur Rural Municipality, ***Narainapur, Banke***, www.narainapurmun.gov.np, Tel: +977-9858031078 or may visit PPMO EGP system of http://www.bolpatra.gov.np/egp.

*Details of Bid:-*

| Last Date and Time of submission of e-bids | Date and Time of Opening | Pre-bid meeting | Bid Validity Period | Bid Security Validity Prediod |
|---|---|---|---|---|
| 20th Bhadra 2081 (5th September 2024); 12:00hrs | 20th Bhadra 2081 (5th September 2024) 13:00hrs | 12th Bhadra 2081 (28th August 2024); 14:00hrs | 90 days counting from the day of bid opening | minimum 30 days beyond the bid validity period |

3. Electronic Bidding Document for each contract identification number are available online and can be downloaded/ purchased from PPMO"s website http://www.bolpatra.gov.np/egp, the Bidders have to download the necessary part of bidding documents and submit their electronic bids as specified in the Instructions to Bidders. The Bidder is required to deposit the non-refundable fee as mentioned for bidding document in the Revenue (Antrik Rajashwa Kosh) account as specified below and electronic scanned copy (pdf format) of the Bank deposit voucher must be submitted along with the electronic bid files.

   **Information to deposit the fee of Bidding Document in Bank:**

   Name of the Bank: ***Sunrise Bank Ltd.***

   Office Name: Narainapur Rural Municipality, Narainapur, Banke

   Antrik Rajshwa Kosh Account No. : 0740488087703006 (For Cost of Bidding Document) ***(or visit Narainapur Rural Municipality Office, Rajshwa Shakha, 9858070105)***

   Revenue Head No: 14229

4. Bidder Shall submit the electronic bid only through website http://www.bolpatra.gov.np/egp only ***or Bidder who choose to deposit cash as bid security account is mentioned below:***

   ***Name of the Bank: Sunrise Bank Ltd.***

   ***Office Name:*** Narainapur Rural Municipality,Narainapur,Banke

   ***Deposit Account No:*** 0740488087701004 ***(Dharauti khata)***

   Bid Documents will not received at Narainapur Rural Municipality Office on the deadline of the submission in online process (E-Bidding) & Bidders will be automatic rejected. Bids will be opened in the presence of the Bidders representatives who choose to attend at the address.

5. If the last day for submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.

6. Other information not mentioned above is as per Public Procurement Act 2063 and Public Procurement Regulation 2064 (Amended).

**Chief Administrative Officer**


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : S NAIL SPA BEAUTY SALOON COMPANY FOR LADIES .

पूर्व स्वीकृति मिति २०८१/01/0९ | पुन विज्ञापन स्वीकृति मिति २०८१/04/२१ | LT No : 303636 | चलानी नं ६०२१८४६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manicure Pedicure | 0 | 1 | 150 | ६४,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : THE NAIL ZONE BEAUTY SALON COMPANY FOR LADIES

पूर्व स्वीकृति मिति २०८०/१२/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/04/२१ | LT No : 302430 | चलानी नं ६०२१७३२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manicurist | 0 | 1 | 150 | ६४,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २९ गते (13th Aug. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले । सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. ८३४/०६६/०६७

CHANDANI MANAGEMENT SERVICES PVT. LTD.
Basundhara-3, Kathmandu , Tel: +977-1- 4955422, 4960522
E-mail: info.cmservices2009@gmail.com, Website : www.chandanimanpower.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ISAM KABBANI AND PARTNERS FOR CONSTRUCTIONS AND MAINTENANCE CO. L.L.C. (Dubai Branch)

पूर्व स्वीकृति मिति : २०८०/07/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/04/२१ | LT. No. 294830 | चलानी नं. ६०२१२४६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Blaster | 1 | 0 | 1200 | ४३,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Insulation Worker | 3 | 0 | 1200 | ४३,३९५ | | | | | | | |
| 3 | Painter | 4 | 0 | 1200 | ४३,३९५ | | | | | | | |
| 4 | Scaffolder | 6 | 0 | 1200 | ४३,३९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २९ गते (13th Aug. 2024) मा हुनेछ।



| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले । सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।



PREMIUM HR
Govt. License 1631/080/081

PREMIUM HUMAN RESOURCE
Samakhusi-3, Kathmandu, Tel: 5917815, 5917814
Email: hr@premiumhr.com.np, Web: www.premiumhr.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ADKA INDUSTRIAL COMPANY

पूर्व स्वीकृति मिति २०८१/04/२१ | LT. No. : 308399 | चलानी नं.: ६०२२३०६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ERECTOR (SCAFFOLDER) | 7 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २९ गते (13th Aug. 2024) मा हुनेछ।



| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले । सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।



License No. : 333/059/60

SUHASHA LINK PVT. LTD.
Samakhusi-14, Tokha, Kathmandu, Nepal, Tel: 01 4982668, 4962338, Fax: 01-4362338
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MACMET AL-KHALEEJ CONSTRUCTIONS

पूर्व स्वीकृति मिति: २०८१/01/30 | पुन विज्ञापन स्वीकृति मिति २०८१/04/२१ | LT. No. 304598 | चलानी नं. ६०२१९३५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 1 | 0 | 1200 | ४३,७७५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Mason | 1 | 0 | 1200 | ४३,७७५ | | | | | | | |
| 3 | Driver | 1 | 0 | 1500 | ५४,७२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २९ गते (13th Aug. 2024) मा हुनेछ।



| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले । सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।



श्रम ईजाजत नं. ९५४/०६७/६८

VARSHA MANPOWER PVT. LTD.
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AROMA INTERNATIONAL BUILDING CONTRACTIN

पूर्व स्वीकृति मिति २०८०/१०/१२ | पुन विज्ञापन स्वीकृति मिति २०८१/04/२१ | LT. No. 298706 | चलानी नं. ६०२१३८०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labourer | 78 | 0 | 800 | २९,०९५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Stone Mason/brick Mason/scaffolder/construction Ca | 150 | 0 | 1200 | ४३,६४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २९ गते (13th Aug. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले । सेवा शुल्क: १०,०००



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।



NOVA INTERNATIONAL PVT. LTD. श्रम ईजाजत नं. १०१९/०६८/०६९
Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602
Email: info@novainternational.com.np, URL: www.novainternational.com.np

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SILVER COAST CONSTRUCTION AND BORING L.L.C

पूर्व स्वीकृति मिति : २०८१/04/२१ | LT. No. 308416 | चलानी नं. ६०२२३०७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker/labour | 10 | 0 | 1000 | ३६,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrical /electrician | 5 | 0 | 1200 | ४३,३९५ | | | | | | | |
| 3 | Mason (Tile & Block & Plaster) | 20 | 0 | 1200 | ४३,३९५ | | | | | | | |
| 4 | Painter | 5 | 0 | 1200 | ४३,३९५ | | | | | | | |
| 5 | Scaffolder | 20 | 0 | 1200 | ४३,३९५ | | | | | | | |
| 6 | Steal Fixer | 20 | 0 | 1200 | ४३,३९५ | | | | | | | |
| 7 | Suttering Carpenter | 20 | 0 | 1200 | ४३,३९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २९ गते (13th Aug. 2024) मा हुनेछ।



| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले । सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।



Mass Human Resource Pvt. Ltd.
(ISO Certified Ethical Recruitment Company)
SAMAKHUSI, KTM, Nepal, TEL: 4983088, 4955765, 9828776444
Govt. License 938/067/068

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## नेपालका शासकलाई बंगाली विद्रोहको पाठ

श्रीलंकामा जनताले गोटावाया राजापाक्षेको शासन अन्त्य गरेको झण्डै दुई वर्षपछि बंगलादेशमा शेख हसिना शासनलाई अन्त्य गरिदिएको छ । दुवैको निवास प्रदर्शनकारीले कब्जा गरे । राजापाक्षे सत्ताच्युत हुनुमा त्यहाँ गहिरिएको आर्थिक संकटले सिर्जना गरेको जनआक्रोश र त्यसविरुद्धमा गोलबद्ध जनताको तागत थियो । हसिना सत्ताच्युत हुनुमाचाहिँ आर्थिक संकट नभई विद्यार्थीले सरकारी सेवामा आरक्षण प्रणालीलाई सुधार गर्नुपर्ने भन्दै गरेको माग सम्बोधन नगरी दमन गर्नु रह्यो ।

विद्यार्थी आन्दोलनकै बीचमा त्यहाँको सर्वोच्च अदालतले त अझ आरक्षण प्रणालीलाई नै खारेज गर्नू भन्दै आदेश दिएको थियो । तर, हसिना सरकार न अदालतको आदेश पालना गर्न तयार भयो न विद्यार्थीको सामान्य मागलाई सुन्न तयार भयो । बरु, उल्टै विद्यार्थी आवाज दबाउन बन्दुकको सहारा लिइन् । जुन लोकतान्त्रिक पद्धतिमा सुहाउँदो पटक्कै होइन ।

अतः हसिनाले सहारा लिएको बन्दुकबाट ३०० प्रदर्शनकारी ढले । सयौं घाइते भए । तर, सोमबार भने प्रधानमन्त्रीबाट हसिनाको दुईतिहाइ बहुमतसहितको सत्ता ढल्यो । जसबाट बन्दुकको गोलीभन्दा कयौं गुणा शक्तिशाली जनतामा भएको फेरि सन्देश प्रवाह भयो ।

प्रदर्शनकारी जनताले एक जना तानाशाही शासकको युग अन्त्य भएको घोषणा गरेका छन् । भ्रष्ट शासकलाई देशबाट लखेटिएको भनिरहेका छन् । हसिना १५ वर्षदेखि लगातार सत्तामा थिइन् । आलोचकहरूका अनुसार उनी पछिल्ला वर्षहरूमा जनताका आवाज नसुन्ने बन्दै थिइन् । जनतालाई प्रधानमन्त्रीको कुर्सीमा रहेर दमन गर्न तयार भइन् । परिणामतः आफैं सत्ता गुमाउन बाध्य भइन् । सत्तामात्रै होइन, देश नै छाड्नुपर्ने अवस्थामा पुगिन् ।

यसरी दुई दक्षिण एसियाली देशमा २२ महिनाको अन्तरालमा राष्ट्रपति र प्रधानमन्त्री भागेर देश छाड्न बाध्य भए । कारण, जनताको माग सुनुवाइ भएन । जनआवाज दबाउन खोज्दा दुवै देशका शासकको यो हालत भएको हो । नेपालका शासकहरूले यी दुवै देशको घटनाक्रमलाई गम्भीरताका साथ लिन जरुरी छ । किनभने नेपाली जनता मुलुकको राजनीतिक नेतृत्व र दलहरूप्रति सन्तुष्ट छैनन् । मुलुकको राजनीतिबाट जनता आजित भइसकेका छन् । कारण सत्ताका लागि दलहरूबीच हुने फोहोरी खेल र नेतृत्वमा देखिएको स्वार्थ केन्द्रित राजनीतिबाट जनता वाक्क भइसकेका छन् । मुलुकलाई अस्थिरताको भूमरीमा फसाइरहने र पालैपालो सत्तामा गएर आफ्नो स्वार्थपूर्ति गर्ने फोहोरी खेल चलेको वर्षौं भइसक्यो । मुलुकको अर्थतन्त्र संकटमा फसेको छ । रोजगारीको अवसर नहुँदा दैनिक हजारौं युवा विदेसिन बाध्य छन् ।

जनतामा बढ्दो निराशा र आक्रोशको सम्बोधन गर्न अझै चासो नदिने हो भने राजापाक्षे र हसिनाकै हालत बेहोर्नुपर्ने अवस्था नआउला भन्न सकिन्न । मुलुक त्यो अवस्थामा नपुगोस्, यही कामना गरौं । तर, दल र तिनका नेतृत्वले आफूलाई नसच्याउने हो भने त्यो दुर्भाग्य टार्न कठिन हुने निश्चित छ ।

## मनन्योग्य

### चाणक्य नीति

पुण्डरीकाक्षले भने- 'यी बालक ज्ञान आर्जन गर्न मगध देशबाट आएका हुन् । यिनको बुद्धिको प्रशंसा मेरा एक मित्रले चिठीमा गरेका छन सामान्य व्यक्तिले धेरै प्रयत्न गर्दा पनि नपाउने ज्ञान यिनले पाएका छन् यस्ता कुरा सुनी कुलपतिले अभिभूत भएर भने बिहानै विद्यालय आउन विश्वविद्यालयलाई तिमीजस्तो प्रतिभावान्को आवश्यकता छ । कसरी विष्णुगुप्तले पुण्डरीकाक्ष र कुलपतिका कृपाले विश्वविद्यालयमा प्रवेश पाए ।

समय बित्दै गयो, धेरै वसन्त आए गए । कति पात झरे, पलाए । पूरा निष्ठा र लगनले अध्ययन गर्न लागे विष्णुगुप्त । अध्ययन गर्दै जाँदा पारे समयमा नै उनको बुद्धिमत्ताका कारण सहपाठीहरूमा र आचार्यका दृष्टिमा आफ्नो स्थान उच्च बनाए। पढाउँदा पनि गुरुले विष्णुगुप्तको उपमा दिएर पढाउन लागे ।


पहिलो प्राथमिकता उनीहरूको हो, तर पनि प्रतिभाको तिरस्कारचाहिँ होइन, कुलपतिजी तिम्रा प्रतिभाले प्रभावित भएमा तिम्रो प्रवेश निश्चित छ, म पनि यसमा धेरै प्रयास गर्नेछु, बिहानै कुलपतिलाई भेटौंला, विश्राम गर ।

'विष्णुगुप्त ! म विहान घुम्न निस्कन्छु, म चाहन्छु तिमी पनि हिंड, कुलपतिजी पनि सधै निस्कनुहुन्छ, त्यही भेट हुन्छ । यसरी आचार्यको आज्ञा पाउनुभन्दा अगाडि विष्णुगुप्तले आफ्नो नित्यकर्म पूरा गरी आँगन सम्पूर्ण सफा गरिसकेका थिए । अनि आचार्यसँग विष्णुगुप्त भ्रमणमा निस्किए । नही किनारमा कुलपतिसँग भेट भयो ।

नजिकै आइपुगेपछि विष्णुगुप्तले साष्टाङ्ग दण्डवत गरेर पाठको धूलो निधारमा लगाए । आचार्यसँग कुलपतिको वार्तापछि जिज्ञासु दृष्टिले विष्णुगुप्ततिर हेरे । पुण्डरीकक्षले जवाफ दिनुभन्दा पहिले विष्णुगुप्तले भने- 'आफ्नो असीम जिज्ञासा शान्त गर्न यो अनाथ विष्णुगुप्त आचार्य पुण्डरीकाक्षमार्फत हजुरका शरणमा आएको छ । यस्तो स्पष्ट र ओजस्वी उत्तर पाएर कुलपतिले आर्शीवाद दिँदै भने- 'योग्यजस्ता छौ, कहाँबाट आयो ?'

क्रमशः

# 'शिथिल अर्थतन्त्रलाई गतिशील र चलायमान बनाउने चुनौती छ'



**विष्णुप्रसाद पौडेल**, उपप्रधान एवं अर्थमन्त्री

राजनीतिक अस्थिरताको नकारात्मक असर मुलुकको अर्थतन्त्रमा देखिएको तथ्य कसैबाट लुकेको छैन । पटक-पटक भएका सरकार परिवर्तनका कारण विकास र समृद्धिका मुद्दा सधैं ओझेलमा रहे । अस्थिर राजनीतिले मुलुकको समग्र विकास एवं समृद्धिमा कसरी असर गरिरहेको छ र त्यसको मूल्य हामीले चुकाइरहेका छौं भन्ने उदाहरणका रूपमा चालु आर्थिक वर्षको बजेटलाई लिन सकिन्छ । बजेटका सिद्धान्त र प्राथमिकता एउटा अर्थमन्त्रीले र वार्षिक बजेट अर्कै अर्थमन्त्रीले ल्याए । बजेट कार्यान्वयन गर्ने समयमा पुनः सरकार परिवर्तन भयो र मुलुकको अर्थतन्त्रको बागडोर सम्हाल्ने जिम्मा अहिलेको अर्थमन्त्रीको काँधमा आएको छ । प्रतिनिधिसभाका दुई ठूला दल नेपाली कांग्रेस र नेकपा एमालेसहितका दलहरूको गठबन्धनमा नयाँ सरकार बनेपछि भने राजनीतिक स्थिरता कायम हुने अपेक्षा गरिएको छ । कोभिड महामारीपछि सुस्ताएको मुलुकको अर्थतन्त्र बिस्तारै लयमा फर्किन थालेको छ । यसै सन्दर्भमा मुलुकको विद्यमान अर्थराजनीतिक अवस्था, चुनौती, समाधानका लागि सरकारले गरिरहेका प्रयास र आगामी योजनाबारे उपप्रधान तथा अर्थमन्त्री **विष्णुप्रसाद पौडेल**सँग राष्ट्रिय समाचार समिति *(रासस)* का समाचारदाताद्वय *रमेश लम्साल* र *हेमन्त जोशीले* गरेको कुराकानीको सम्पादित अंशः

**मुलुकको समग्र अर्थतन्त्रलाई यहाँले कसरी हेर्नुभएको छ ? अहिलेको अवस्था के हो ? समस्या कहाँ छ ?**

नेपाली अर्थतन्त्र अहिले दबाबमा छ । कतिपय आर्थिक सूचकहरू नकारात्मक छन् । समग्र मागमा न्यूनता आएको छ । राष्ट्रिय उत्पादन घटिरहेको छ । त्यसको प्रभाव रोजगारीमा परेको छ । राजस्व संकलन लक्ष्यअनुसार हुन सकेको छैन । पुँजीगत खर्च सन्तोषजनक ढंगले गर्न सकिरहेका छैनौं । समग्रतामा भन्दा नेपाली अर्थतन्त्र अहिले दबाबमा छ । यो अवस्थाबाट मुलुकलाई बाहिर निकालेर अर्थतन्त्रलाई चलायमान गर्न जरुरी छ र अर्थतन्त्रमा जे जति समस्या देखिएका छन्, ती प्रत्येक समस्यामा प्रवेश गरेर समाधान खोज्दै अगाडि बढ्नुपर्ने अहिलेको आवश्यकता हो । शिथिल अर्थतन्त्रलाई गतिशील र चलायमान बनाउनु अहिलेको मुख्य चुनौती हो । यसका लागि अर्थतन्त्रका सबै संवाहक क्षेत्रलाई त्यहाँ रहेको समस्यामा प्रवेश गरेर समाधान खोज्न हामी केन्द्रित हुनुपर्छ ।

**निजी क्षेत्र अर्थतन्त्रको एउटा महत्त्वपूर्ण खम्बा हो । सरकारले निजी क्षेत्रसाग कसरी सहकार्य र समन्वय गर्न खोजिरहेको छ ? आर्थिक मन्दीको यो समयमा आमनागरिकको मनोबल कसरी उकास्ने ? सरकारका योजना के छन् ?**

निजी क्षेत्र हाम्रो अर्थतन्त्रको महत्त्वपूर्ण आधार हो । निजी क्षेत्रको मनोबल बढाउनु, उत्पादनका निम्ति उत्प्रेरित गर्नु र समग्र अर्थतन्त्रलाई चलायमान बनाउनु यतिबेला महत्त्वपूर्ण प्राथमिकताको विषय हो । मैले अर्थ मन्त्रालयको जिम्मेवारी सम्हालेपछि लगातार निजी क्षेत्रसँग नियमित संवादमा छु । उहाँहरूले भोगिरहेका समस्या के हुन्, समस्या समाधानका लागि निजी क्षेत्रका अपेक्षा के छन् र ती अपेक्षाहरू पूरा गर्न सम्भव छन् वा छैनन् भन्ने कोणबाट हामी नियमित संवाद गरिरहेका छौं । क्रमशः समाधानका प्रयासहरू अगाडि बढेका छन् ।

नेपाल राष्ट्र बैंकले केही दिनअघि चालु आवको मौद्रिक नीति सार्वजनिक गरेको छ । मौद्रिक नीतिले अर्थतन्त्रसँग सम्बन्धित मौद्रिक क्षेत्रका समस्या समाधानका निम्ति धेरै हदसम्म भूमिका निर्वाह गरेको छ । समग्रतामा निजी क्षेत्रलाई भरोसायोग्य अभिभावकका रूपमा सरकार छ भन्ने सन्देश दिन चाहन्छु । अहिलेको प्रतिनिधिसभाबाट बन्नसक्ने बलियो र स्थिर सरकार यही हो । लामो इतिहास भएका र व्यवस्था बदल्न योगदान गरेका दुई ठूला दल मिलेर सरकार बनाएका छन् । राणाशासन, पञ्चायत र राजतन्त्र अन्त्य गर्नका लागि संघर्ष गरेका दुई पुराना दलहरू नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टी (एमाले) अहिले सरकारमा छन् । यो सरकारले राजनीतिक अस्थिरताका कारण अर्थतन्त्रमा प्रभाव पार्ने अवस्था अब हामी आउन दिँदैनौं भन्ने सन्देश दिइरहेको छ । निजी क्षेत्रलाई उत्साहित भएर उत्पादनमा, लगानीमा केन्द्रित हुनका लागि सरकारले प्रोत्साहित गर्छ । यो सरकार निजी क्षेत्रलाई अभिभावकीय भूमिका निर्वाह गर्दै छ भन्ने अनुभूति दिलाउन चाहन्छौं ।

**चालु आवको बजेट संसद्मा पेस भएसँगै विनियोजन कुशलताको विषय संसद् र बाहिरसमेत निकै पेचिलोसँग उठाइयो । संघीयतालाई नै कमजोर पार्नेगरी स-साना आयोजनाका लागि पनि संघीय सरकारबाट बजेट छुट्याइयो, पहुँचका आधारमा बजेट बाँडियो भन्नेजस्ता गम्भीर प्रश्न संसद्मा उठाइएका छन् । विनियोजनमा कुशलता नदेखिएको बजेट कार्यान्वयन कतिको चुनौतीपूर्ण छ ?**

बजेट निर्माणमा भिन्न प्रकारको अभ्यास यसपटक हुन गयो । एउटा सरकारको अर्थमन्त्रीले बजेटको सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्नुभयो, अर्को सरकारको अर्थमन्त्रीले बजेट प्रस्तुत भयो र तेस्रो भिन्नै सरकारको अर्थमन्त्रीका रूपमा बजेट कार्यान्वयन गर्ने बेला म आएको छु । यो राजनीतिक अस्थिरताको परिणाम थियो । यति छोटो अवधिमा फरक-फरक सरकार, फरक-फरक अर्थमन्त्री र तिनका फरक-फरक भूमिका जुन ढंगले प्रकट भए, त्यो सबै राजनीतिक अस्थिरताका कारण सिर्जना भएको परिस्थिति थियो । अहिले हामीले मुलुकलाई राजनीतिक स्थिरतातर्फ डोऱ्याउन सकेका छौं । अहिले सरकारमा रहेका राजनीतिक दलहरूबीच जुन समीकरण बनेको छ र सहयात्रा अघि बढेको छ, यो सहयात्रा आउने निर्वाचनसम्म निरन्तर अगाडि बढ्छ । सत्ता गठबन्धनमा रहेका दलहरूबीच बनेको सहमतिअनुसार हामी आउँदो निर्वाचनसम्म सँगै अघि बढ्छौं । यसकारण राजनीतिक स्थिरता कायम भएको छ भन्ने सन्देश अहिले गएको छ ।

यस स्थितिमा बजेटमा विनियोजन कुशलता कति देखियो वा देखिएन भन्नेबारे म टिप्पणी गर्न चाहन्न । किनभने हाम्रो विनियोजन कुशलताबारे आममानिस, संसद्, अर्थविद् विकासविद् सबैतिर चर्चा भइरहेकै छ । विनियोजन कुशलताका दृष्टिकोणले हामीहरू उत्कृष्ट साबित हुन सकेका छैनौं भन्ने स्पष्ट छ । चालु आवको बजेटमा पनि विनियोजन कुशलता राम्रोसँग प्रदर्शित हुन सकेको छैन । स्थानीय तह र प्रदेशबाट कार्यान्वयन हुने प्रकृतिका योजना तथा कार्यक्रममा संघ सरकारबाटै बजेटले समेट्ने स्थिति देखिएका छन् । आवश्यक पूर्वतयारी र अध्ययन नभएका योजनामा बजेट हालिएको छ । हामीले तीन तहको सरकारको अभ्यास गरिरहेको छौं र संघीय सरकारका निश्चित अधिकार, दायित्व, कर्तव्यसँगै सीमाहरू पनि छन् ।

त्यस्तै, प्रदेश र स्थानीय सरकारका पनि निश्चित सीमाहरू छन् । ती सीमाहरूभित्र रहेर कार्यसम्पादन गर्नुपर्छ भन्ने मलाई लाग्दछ । बजेट बनाउँदा पनि त्यसप्रकारको विनियोजन कौशल हामीले प्रदर्शन गर्न सक्नुपर्छ । विनियोजन कौशलका दृष्टिकोणले हामीहरू चुकिरहेका छौं । अहिले हामी बजेट कार्यान्वयनको चरणमा आइसकेका छौं । बजेट कार्यान्वयन गर्दा हाम्रो ध्यान सीमित स्रोतसाधनलाई परिचालन गरेर अधिकतम नतिजामुखी कसरी बन्न सकिन्छ भन्नेतर्फ जानुपर्छ । बजेटले समेटेको राष्ट्रिय प्राथमिकताका, राष्ट्रिय गौरव र महत्त्वका र राम्रो प्रतिफल दिने आयोजनालाई चाँडोभन्दा चाँडो सम्पन्न गर्नेमा कुरामा सरकारको ध्यान केन्द्रित गर्नुपर्ने छ । निर्माण थालनी भइसकेका आयोजनालाई जतिसक्दो चाँडो सम्पन्न गर्ने कुरा यो सरकारको पहिलो प्राथमिकतामा पर्छ । नयाँ योजना/कार्यक्रम सुरु गर्ने भन्ने आफ्नो ठाउँमा छँदै छ, त्योभन्दा पनि अहिले सुरु भइसकेका योजना सम्पन्न गर्नेतर्फ सरकारको ध्यान केन्द्रित हुन्छ ।

आयोजना सुरु हुने तर तोकिएको लागत र समयमा सम्पन्न हुँदैनन् भन्ने आम गुनासो छ र यो यथार्थ पनि हो । त्यसकारण अब हामी सुरु भइसकेका आयोजनालाई सम्पन्न गर्नतर्फ लाग्छौं । त्यसमा पनि राष्ट्रिय गौरव, प्राथमिकता तथा महत्त्वका र राम्रो प्रतिफल दिने आयोजनालाई निर्माण सम्पन्न गर्ने विषय प्राथमिकतामा रहन्छ । हाम्रो स्रोतलाई पनि हामी त्यही ढंगले परिचालन गर्छौं । विनियोजन कुशलतामा देखिएका कमजोरीहरू हामी यो तरिका र माध्यमबाट दुरुस्त गर्ने कोसिस गर्छौं ।

**बजेट विनियोजन यथार्थपरक हुन नसकेको, विकास परियोजनाहरू समयमा सम्पन्न नहुँदा लागत बढ्दै गएको, स्रोत सुनिश्चित गरिएका आयोजनाका लागि न्यून बजेट प्रस्ताव गर्ने र नयाँ आयोजना थप बजेट प्रस्ताव गर्ने प्रवृत्ति छ । यी समस्या समाधानका लागि सरकारले कसरी काम गर्छ ?**

कस्ता आयोजना तथा कार्यक्रममा स्रोत सुनिश्चित गर्ने वा नगर्ने, किन गर्ने वा नगर्ने भन्ने बीचमा एउटा स्पष्ट दृष्टिकोण लिएर अगाडि जानुपर्दछ । एक आवमा सम्पन्न गर्न नसकिने तर आयोजना निर्माण गर्नैपर्ने अवस्थामा हामी बहुवर्षीय आयोजनाका रूपमा अगाडि बढाउँछौं । त्यस्ता बहुवर्षीय प्रकृतिका आयोजनामा स्रोत छुट्याउँदै गर्दा हामीले के कुरामा ध्यान दिनुपर्छ भने त्यो योजना वा कार्यक्रम हाम्रा लागि आवश्यक हुनसक्छ तर त्यो हाम्रो सामर्थ्यले भ्याउँछ वा भ्याउँदैन भनेर हेर्नुपर्छ । हामी असीमित संख्यामा बहुवर्षीय आयोजनामा स्रोत सुनिश्चित गर्दै ठूलो सूची तयार गर्ने तर स्रोतको प्रबन्ध गर्न नसकेर कार्यान्वयनमा जान नसक्ने अवस्थामा छौं । विगतमा देखापर्ने गरेको यो दुःखद स्थितिलाई अब अन्त्य गर्नुपर्छ । त्यसकारण हामी आँखा चिम्लेर स्रोत सुनिश्चित गर्द हिँड्ने अभ्यासमा हामी जानु हुँदैन । पर्याप्त अध्ययन भएका, राम्रो प्रतिफल दिने, राष्ट्रिय महत्त्व र प्राथमिकताका आयोजनाहरूमा राज्यको सामर्थ्यभित्र रहेर स्रोत विनियोजन हुने विधितर्फ जानुपर्छ । स्रोतको ख्याल नगरी र आयोजनाको महत्त्व तथा प्राथमिकतालाई विश्लेषण नगरी स्रोत सुनिश्चितता गर्दै जाने कुराले हाम्रो सीमित स्रोतको सही सदुपयोग हुन सक्दैन । हाम्रो स्रोतको सीमालाई ख्याल गर्दै सीमित स्रोतलाई अधिकतम प्रतिफल दिनेगरी परिचालन गर्नुपर्छ । त्यो प्रकारको विनियोजन कौशलता हामीले प्रदर्शन गर्नुपर्छ ।

**अर्थतन्त्र सुधारका लागि बजेटमा राम्रा योजना र कार्यक्रमका बाबजुद पनि कार्यान्वयनमा चुनौती छन् । चालु आवको बजेट कार्यान्वयनमा कस्ता चुनौती देख्नुभएको छ ?**

चालु आवको बजेट कार्यान्वयनका लागि गरिएको स्रोतको प्रबन्ध र व्यवस्थापन हाम्रालाई चुनौती हो । गत आवमा हामीले गरेको राजस्वको सुरु अनुमान, संशोधित अनुमान र वास्तविक प्राप्तिका बीचमा ठूलो खाडल छ । गत आवमा प्राप्त भएको यथार्थ राजस्वको तुलनामा चालु आवका लागि राखिएको राजस्व वृद्धिदरको लक्ष्य करिब ३० प्रतिशत हाराहारी छ । राजस्वको यो लक्ष्य पूरा गर्न त्यति सजिलो छैन । त्यसका लागि धेरै ठूलो मिहेनत गर्नुपर्ने छ । राजस्व संकलनको लक्ष्य निकै महत्त्वकांक्षी र ठूलो छ । यसमा अन्तर्राष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय परिस्थितिहरूलाई पनि हेर्नुपर्ने हुन्छ । हामीले विगतमा गरेका करका दरहरूको परिमार्जनको विश्लेषण पनि गर्नुपर्ने आवश्यकता देखेको छु । सँगसँगै राजस्व प्रशासनको प्रभावकारी परिचालन पनि आवश्यक छ । लक्ष्यअनुसार राजस्व उठाउन हामी कहाँनेर चुक्यौं भनेर हेर्नुपर्ने छ । कहाँ चुहावट भएको छ भनेर खोज्नुपर्ने छ । त्यसलाई नियन्त्रण गर्ने कुरामा ध्यान पुऱ्याउनुपर्ने छ । आन्तरिक उत्पादनलाई बढावा दिएर राजस्वको लक्ष्य हासिल गर्नतर्फ लाग्नुपर्ने छ ।

पछिल्लो समय विश्वभर नै अन्तर्राष्ट्रिय सहयोग परिचालनमा संकुचन आएको छ । अन्तर्राष्ट्रिय सहयोगलाई हामीले आफ्नो आवश्यकता र प्राथमिकताका आधारमा स्वीकार गर्नुपर्ने हुन्छ र त्यसका लागि हाम्रो सामर्थ्य विकास गर्दै जानुपर्ने हुन्छ । यस अर्थमा हामीले आफ्नो सामर्थ्य बढाउँदै जाने र अन्तर्राष्ट्रिय सहयोगको दायरा विस्तार गर्दै जानुपर्ने चुनौती हाम्रासामु छ । अर्को कुरा भनेको हाम्रो साधारण खर्च र अनिवार्य दायित्वमा ठूलो रकम विनियोजन गर्नुपर्ने अवस्था छ । आन्तरिक राजस्वले साधारण खर्च धान्न हम्मे पर्ने स्थितिमा हामी आइपुगेका छौं । सार्वजनिक ऋण र वित्तीय व्यवस्थातर्फको दायित्व निरन्तर बढ्दो छ । पुँजीगत खर्चतर्फ भौतिक पूर्वाधार र विकास निर्माणका योजना तथा कार्यक्रममा पर्याप्त बजेट व्यवस्था गर्न सकसपूर्ण हुँदै गएको छ ।

हाम्रा योजना तथा कार्यक्रमहरूका निम्ति पर्याप्त स्रोतको प्रबन्ध गर्नुपर्ने अर्को चुनौती छ । स्रोतको प्रबन्ध गरिसकेपछि पनि ती योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुने वातावरण निर्माण गर्नुपर्ने छ । अध्ययन नै नभएका र पूर्वतयारी नसकिएका कतिपय आयोजना पनि बजेटमा परेका छन् । तिनीहरूको कार्यान्वयन कसरी हुन्छ भनेर पनि विश्लेषण गर्नुपर्ने अवस्था छ । समग्रमा स्रोत व्यवस्थापनका दृष्टिकोणले, अन्तर्राष्ट्रिय सहयोगलाई परिचालन गर्ने हिसाबले र निर्धारित योजना तथा कार्यक्रम कार्यान्वयनका हिसाबले चुनौतीहरू छन् । तोकिएको राजस्व संकलन लक्ष्य भेटाउनका लागि राजस्व प्रशासनलाई चुस्त बनाउनुपर्ने छ । राजस्वका स्रोतलाई ठीक ढंगले पहिचान गर्ने र करको दायराको विस्तार गर्नुपर्ने छ । विकास साझेदार र दातृ निकायले दिल खोलेर सहयोग गरून् भन्नका लागि पहिले आफ्नै क्षमता विकास गर्नुपर्ने छ ।

एकातर्फ पुँजीगत शीर्षकमा बजेट विनियोजनको अनुपात घट्दै जाने र अर्कोतर्फ यो शीर्षकमा छुटचाइएको बजेट खर्च गर्न नसक्ने अवस्थाबाट हामी गुज्रिरहेका छौं । यो समस्या समाधानका लागि कानुनी, विधिगत र संरचनागत सुधारका लागि सरकारले पहल गर्छ । हाम्रो कार्यसम्पादनमा कहाँ-कहाँ प्रश्न रहे भनेर पहिचान गरेर समाधान गर्दै जानुपर्नेछ । चालु आवको बजेट कार्यान्वयनका क्रममा हाम्रो स्रोतको सामर्थ्यलाई विश्लेषण गरी प्राथमिकताका आयोजनामा परिचालन गर्नेतर्फ हामी केन्द्रित हुनुपर्ने छ । उत्पादन बढाउन, रोजगारी सिर्जना गर्नसक्ने, राम्रो र प्रतिफल दिने आयोजनामा खर्च केन्द्रित गर्नुपर्छ भनेर हामी अघि बढिरहेका छौं ।

**राजस्व संकलनमा देखिएका समस्याको खास कारण के हो जस्तो लाग्छ ?**

कर प्रणालीमा सुधारका लागि कस्ता कदम आवश्यक छन् ? सरकारले के कस्ता योजना बनाएको छ ? राजस्व संकलनमा जस्ता समस्या देखिएका छन् । यसका पछाडि एउटा मात्रै कारण छैनन्, धेरै कारण छन् । अर्थतन्त्रमा आएको शिथिलता, आर्थिक क्रियाकलापमा आएको सुस्तता, उत्पादन आयात, निर्यात, उपभोग आदि क्षेत्रमा आएको शिथिलताको एउटा प्रभाव छ । त्यसलाई अन्त्य गर्न उत्पादन बढाउनुपर्ने, माग बढाउनेतर्फ ध्यान दिनुपर्ने आवश्यकता छ । हामीले अवलम्बन गरिरहेको राजस्व परिचालनसँग स्म्बन्धित ऐन, नियम कानुन छन् त्यसमा केही कमी कमजोरी छन् कि, ध्यान दिनुपर्ने विषयमा ध्यान पुग्न सकेको छैन कि भनेर हेर्नुपर्ने आवश्यकता छ । यद्यपि, हामीले करका दर तथा कर निर्धारणका सन्दर्भमा स्पष्ट कानुनी विषयमा निश्चित व्यवस्था छ । आर्थिक ऐनमार्फत बजेट सार्वजनिक क्रममा यो काम गर्छौं । हामीले प्राप्त गरेको अनुभवका आधारमा सूत्रीकरण गर्ने, विश्लेषण गर्ने र थप के गर्ने भनेर पूर्वतयारी गर्नु आवश्यक छ । त्यसका लागि करको दायरा विस्तार गर्ने, कर प्रशासनलाई प्रभावकारी बनाउने कर संकलनका क्षेत्रमा जे जस्ता समस्या देखिएका छन्, त्यसलाई नियन्त्रण गर्ने, कर प्रशासनलाई प्रभावकारी बनाउनुपर्छ भन्ने हाम्रो सोच हो । त्यही अनुसार हामी अगाडि बढ्छौं ।

**नयाँ सरकार आएपछिका दिनमा सेयरबजारमा केही आशाको सञ्चार देखिएको छ, के यो स्वाभाविक हो ?**

प्रधानमन्त्रीले संसद्बाट नै सेयर बजारका सम्बन्धमा महत्त्वपूर्ण अभिव्यक्ति दिनुभएको छ। सेयर बजारमा अहिले जुन प्रकारको उत्साहको अवस्था देखिएको छ, त्यसको पछाडि सबैभन्दा पहिला सरकारको नीति, दृष्टिकोण, प्रधानमन्त्रीको महत्त्वपूर्ण सम्बोधन र अभिव्यक्ति नै जिम्मेवार छन् भन्ने म ठान्दछु । उत्साहको पछाडिको मुख्य कारण यो हो । अर्थ मन्त्रालय सम्हालेको नाताले मेरो नाम पनि जोडिनुलाई मैले अन्यथा भन्न मिलेन तर मुख्यरूपमा सरकारको नीति र प्रधानमन्त्रीको अपिल, सम्बोधन नै मुख्य जिम्मेवार हो । आमलगानीकर्ताले यो सरकारलाई भरोसा गरेको छ, पत्याएको छ । यसले कुनै पनि अपरिपक्व निर्णय लिँदैन भन्ने बुझाइ छ । हामीले सेयर बजारलाई अर्थतन्त्रको ऐना भन्ने गरेका छौं । यो सरकारले नीतिगत स्थायित्व, राजनीतिक स्थायित्वको सुनिश्चित गरेर अगाडि जान सक्छ भनेर विश्वास पैदा भएको हो । सरकार पुँजीबजारलाई अनुशासित, मर्यादित, पारदर्शी ढंगले अगाडि बढाउन चाहन्छ । कुनै पनि अदृश्य व्यापार नहोस्, कुनै पनि अनियमितता नहोस् भनेर परिपक्व ढंगले अगाडि बढाउनुपर्छ भन्ने सरकारको मान्यता छ । कुनै पनि लगानीकर्ता पीडित नबनोस्, लगानी नडुबोस् भन्नेमा होसियार छ ।



**डोलेश्वर महादेवको दर्शन** | साउनको तेस्रो सोमबार बिहान भक्तपुरको भक्तपुरको सिपाडोलस्थित डोलेश्वर महादेव मन्दिरमा पूजाअर्चना गर्न आएका भक्तजनको घुइँचो। *तस्बिर: चन्द्रकला क्षेत्री/रासस*

# हुम्लाका युवायुवती काम गर्न ताक्लाकोटमा

**सिमकोट (हुम्ला)-** जिल्लामा बेरोजगारी समस्या भएपछि छिमेकी चीनको ताक्लाकोटमा काम गर्न गएका युवायुवतीले दैनिक पाँच हजार रूपैयाँसम्म कमाउने गरेका छन् । छ महिनाका लागि हुम्लाका बेरोजगारहरूले रोजगारीसमेत पाउने भएकाले जिल्लाका युवा/युवती ताक्लाकोट गएर काम गर्न आकर्षित हुँदै आएका छन् ।

हाल चीनको पुराङ काउण्टीको ताक्लाकोटमा कामका लागि गएका सिमकोट गाउँपालिका-२ का सन्दीप भण्डारीले जिल्लाका युवायुवतीको दैनिक कमाई पाँचदेखि छ हजार रूपैयाँसम्म हुने गरेको बताए। यो पारिश्रमिक पाउने दक्ष कामदार रहेको उनले बताए । विकास निर्माण गर्ने कामदारले यो पारिश्रमिक पाउने गर्छन् । उनले बिहान ८ देखि बेलुका ६ बजेसम्म काम गरेपछि सो पारिश्रमिक पाउने गरेको जानकारी दिँदै गत वर्षभन्दा यस वर्ष हुम्लाका युवायुवतीको आम्दानी राम्रो भएको जानकारी दिए ।

त्यसैगरी, घरायसी काम गर्ने कामदारले बिहान-बेलुकाको खाना खाएर नेपाली तीन हजार ८०० रूपैयाँ पाउने गरेको अर्का कामदार जनक बुढाले बताए । यो काम गर्ने नेपाली कामदारको संख्या ठूलो रहेको उनको भनाइ छ ।

त्यसैगरी, होटल तथा रेस्टुरेन्टमा काम गर्ने कामदारले दैनिक चार हजार ७५० रूपैयाँ पारिश्रमिक पाउने गरेको जुम्कित लामाले बताए । यसमा काम गर्नेमा लामा समुदायका युवायुवती छन् । खेतीपातीको काम गर्ने कामदारले भने दैनिक खाना खाएर दुई हजार ८५० रूपैयाँ पाउने गरेको कामदार जनक रोकायाले बताए । उनले हुम्लाबाट एक हजार ५०० युवायुवती रोजगारीका लागि चीनको ताक्लाकोटमा आएर काम गरिरहेको बताए । यो काम अब आगामी कात्तिक महिनासम्म काम गरेर उनीहरू जिल्ला फर्कने बताइएको छ । *रासस*

# बस्ती जोगाइदिन नदी प्रभावित नागरिकको माग



**राँझा (बाँके)-** बाँकेको राप्ती नदी प्रभावित नागरिकले तत्काल तटबन्ध निर्माण गरी बस्ती जोगाइदिन माग गरेका छन् । राप्ती सोनारी गाउँपालिका-७ खल्ला झगडियामा नदीको कटान तथा डुबान रोक्न निर्माण गरिएको अस्थायी तटबन्ध दुई वर्षअघि आएको राप्ती नदीको बाढीले भत्काएपछि राप्ती सोनारी-६ र ७ तथा नरैनापुर गाउँपालिकावासी ६० हजार बढी नागरिक डुबानको उच्च जोखिममा रहेका छन् ।

सोमबार उक्त क्षेत्रको अवलोकन तथा जनताको गुनासो सुन्न पुगेका संघीय सांसद सूर्य ढकालसँग डुबान प्रभावित क्षेत्रका नागरिकले यस वर्ष तटबन्ध निर्माण नभए ठूलो बाढी आउनासाथ राप्ती नदीले गाउँ डुबान गर्ने भएकाले तत्काल पहल गर्न माग गरेका थिए । तटबन्ध नहुँदा राप्तीको तल्लो तटीय क्षेत्रमा पर्ने राप्ती सोनारी र नरैनापुर गाउँपालिकाको खेतीयोग्य जमिन नदीले दिनहुँजसो कटान गरिरहेको छ । अहिलेसम्म सयौं बिघा खेतीयोग्य जमिन नदी कटानमा परिसकेको राप्ती सोनारी-७ नयाँबस्तीका शंकर यादवले बताए ।

'विगतमा बाढी रोकथामका लागि लगाइएको तटबन्ध भत्किएर बगिसक्यो, राप्ती नदी अब कटान गर्दै गाउँतिर सोभिएको छ,' यादवले भने, 'ठूलो बाढी आयो भने गाउँमा पसेर बगाउँछ भन्ने चिन्ताले बर्सातको समयमा राम्ररी निदाउन पनि सकिन्न ।' दुई वर्षदेखि निरन्तर तटबन्धको माग गर्दै आए पनि निर्माण कार्यमा कसैले चासो नदिएको नरैनापुर-६ का अगुवा सोहनलाल यादवले बताए ।

उनका अनुसार पछिल्लो समय राप्ती नदीमा बाढी बढ्दै गएर नदी गाउँतिर सोभिँदै आएको छ । लगातार भारी वर्षा हुनासाथ राप्ती नदीको बाढी गाउँ पस्ने खतरा बढ्दै गएको छ । आफ्नो क्षेत्रमा रहेको डुबानका समस्याबारे स्थलगत अवलोकनमा पुगेका बाँके क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्य ढकालले नदी प्रभावित राप्तीसोनारी र नरैनापुरवासीका गुनासो सुनेको बताए । खल्लाझगडियामा राप्ती नदीले तीव्ररूपमा कटान गरिरहेकाले ठूलो विपत्ति निम्त्याउनसक्ने अवस्थालाई दृष्टिगत गरी तत्काल राज्यका निकायको ध्यानाकर्षण गराएको उनको भनाइ छ ।

'अहिले ठूलो वर्षा भएकाले नदीले खेतीयोग्य जमिन कटान गर्दै बस्तीमा नै प्रवेश गर्ने अवस्था आइरहेको छ,' संघीय सांसद ढकालले भने, 'नदीले तीव्ररूपमा कटान गर्दै धार नै परिवर्तन गर्नसक्ने जोखिम भएकाले बस्ती जोगाउन निरन्तर राज्यसँग पहल गरिरहेको छु ।'

तटबन्धन निर्माण नभएका कारण राप्ती सोनारीको ६ र ७ नं वडाका सर्रा, भवानीयापुर, पहाडीपुर, वसन्तापुर, गेदवा, खल्ला झगडिया, देउपुर्वालगायतका गाउँ र नरैनापुर गाउँपालिकाको गंगापुर, सोनवर्षा, कुदर-वेटवा, कुडुवालगायत बस्ती जोखिममा रहेका छन् । *रासस*

# कर्मचारीमाथि कुटपिट गर्नेलाई कारबाहीको माग

**संखुवासभा (प्रस)-** नेपाल विद्युत् प्राधिकरण कार्यालय संखुवासभामा कार्यरत कर्मचारीमाथि कुटपिट गर्नेलाई कारबाहीको माग गरिएको छ । नेपाल राष्ट्रिय कर्मचारी संगठन निजामती जिल्ला कार्यसमिति संखुवासभाले सोमबार प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाउँदै कारबाहीको माग गरेको हो ।

यही साउन १४ गते विद्युत् महसुल नतिरेपछि लाइन काटेको र लाइन जोड्न धम्की दिँदै मादी नगरपालिका-४ ओखरबोटका लक्ष्मण लिङ्थेप र हर्कहाङ लिम्बूले शाखा कार्यालय मादीका इञ्चार्ज राजकुमार र ओजेटिमा खटिएका विद्यार्थीमाथि कुटपिट भएको थियो ।

कार्यालय परिसरमा प्रवेश गरेर कुटपिट गर्नेलाई कारबाहीको माग गर्दै प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाएको संगठन निजामतीका जिल्ला अध्यक्ष भोलामान राईले जानकारी दिए । कार्यालय परिसरभित्रै पसेर राष्ट्रसेवक कर्मचारीमाथि कुटपिट गरिनु दुःखद् भएको र यस्ता हर्कतले कर्मचारीको मनोबल कमजोर भई सेवा प्रवाहमा गम्भीर असर पर्ने उनले बताए ।

मादीका लक्ष्मण लिंथेपको क्रसर उद्योगले छ लाख रूपैयाँभन्दा बढी बक्यौता नतिरेपछि लाइन कारिएको थियो । कुटपिटको आरोपमा लिंथेप र लिम्बूविरुद्ध गत साउन १५ गते इलाका प्रहरी कार्यालय चैनपुरमा अभद्र व्यवहार शीर्षकमा मुद्दा दर्ता भएको छ । उजुरी लगत्तै उनीहरू फरार छन् ।

कर्मचारीमाथि कुटपिट भएपछि मादीमा रहेको प्राधिकरणको कार्यालय साउन १५ गतेदेखि बन्द रहेको छ । कार्यालय बन्द भएपछि सेवाग्राही मारमा परेका छन् ।

# कैलालीमा ४०० हेक्टरभन्दा बढी अतिक्रमित वन क्षेत्र खाली

**घोडाघोडी (कैलाली)-** एफआरए नेपालले सन् २०१० देखि २०१४ सम्म गरेको नेपालको वन क्षेत्रको सर्वेक्षणअनुसार कैलाली मुलुकमा सबैभन्दा बढी वन क्षेत्र भएको जिल्ला हो । जिल्लाको कूल तीन लाख २८ हजार ७१६ हेक्टरमध्ये दुई लाख ५७३ हेक्टर वन क्षेत्र रहेको उक्त सर्वेक्षण प्रतिवेदनले देखाएको छ ।

देशको सबैभन्दा बढी वन क्षेत्र भएको जिल्लामा अतिक्रमणको समस्या पनि धेरै रहेको सुदूरपश्चिम प्रदेश वन निर्देशक हेमराज विष्टले बताए । उनका अनुसार कैलालीमा मात्रै २२ हजार हेक्टरभन्दा बढी वन क्षेत्र अतिक्रमणमा रहेको छ । अतिक्रमण बढेसँगै नियन्त्रणका प्रयासलाई पनि तीव्रता दिइएको विष्टले बताए ।

गत आर्थिक वर्षमा जिल्लामा ४८९.४ हेक्टर अतिक्रमित वन क्षेत्र खाली गरिएको डिभिजन वन कार्यालयले जनाएको छ । जिल्लामा दुईवटा डिभिजन वन कार्यालयअन्तर्गत वनको संरक्षण र व्यवस्थापन हुँदै आएको छ । पहलमानपुर डिभिजन वन कार्यालयअन्तर्गतको ४१६ हेक्टर अतिक्रमण क्षेत्र खाली गराइएको कार्यालयका डिभिजनल वन अधिकृत रामबिचारी ठाकुरले जानकारी दिए । उनका अनुसार भजनी नगरपालिका-७ मा रहेको पुरैना तालको ३८१ हेक्टर जमिन खाली गराई ड्याम निर्माण गरिएको छ ।

भजनी-१ मा रहेको मोहोन्याल, पशुपति र वनदेवी सामुदायिक वन, वडा नं ९ स्थित सयपत्री र लौकाहा भौकाहा सामुदायिक वनमा टहरा बनाइएको र खनजोत गरेको ३३.९ हेक्टर वन क्षेत्र खाली गराइएको ठाकुरले बताए । उनका अनुसार उक्त क्षेत्रमा अतिक्रमण हटाई वृक्षरोपण गरिएको छ । घोडाघोडी नगरपालिका-२ स्थित मोहोन्याल सामुदायिक वन, लम्किचुहा नगरपालिका-१ स्थित जनकल्याण सामुदायिक वनभित्र बनाइएका भौतिक संरचनाहरू पनि भत्काइएको ठाकुरले जानकारी दिए ।

डिभिजन वन कार्यालय कैलालीअन्तर्गत ७३ हेक्टर क्षेत्रफलमा अतिक्रमण हटाइएको सो कार्यालयका डिभिजनल वन अधिकृत रामचन्द्र कँडेलले जानकारी दिए । उनका अनुसार अतिक्रण हटाइएको ४३ हेक्टर क्षेत्रफलमा वृक्षारोपण गरिसकिएको छ भने बाँकी क्षेत्रमासमेत वृक्षरोपणको तयारी भइरहेको छ ।

जिल्लामा विभिन्न बहानामा वन क्षेत्र अतिक्रमण हुने गरेको बताउँदै कँडेलले बाढीपहिरोबाट विस्थापित भएकाहरू अस्थायीरूपमा वन क्षेत्रमा टहरा बनाई बस्ने गरेकाले पनि अतिक्रमण बढेको उल्लेख गरे । डिभिजनल वन अधिकृत ठाकुरले भने, 'पछि उहाँहरू नै सोही जमिनलाई अतिक्रमण गरी बस्ने गरेकाले वन क्षेत्र अतिक्रमण हुने गरेको छ ।'

ठाकुरका अनुसार वन क्षेत्रको भोगाधिकार नलिई विभिन्न संघसंस्था, स्थानीय पालिका, वडा कार्यालयलगायत सरकारी कार्यालयका भवन, मन्दिर, पार्किङस्थल, अस्थायी बजार वन क्षेत्रमा बनाइने गरेकाले पनि वन क्षेत्र अतिक्रमणमा परिरहेको छ । जिल्लाको चुरे क्षेत्र हुँदै भारतको दुधुवा नेसनल पार्कलाई जोड्ने अन्तर्राष्ट्रिय महत्वको वसन्ता जैविक मार्गसमेत अतिक्रमणको उच्च चपेटामा रहेको डिभिजनल वन अधिकृत कँडेलले बताए । उनका अनुसार सीमावर्ती क्षेत्रमा पर्ने जिल्लाको कैलारी गाउँपालिका र भजनी नगरपालिकाको हुलाकी राजमार्ग आसपासमा पर्ने वसन्ता वन क्षेत्र बर्सेनि बाढीपिडितका साथै विभिन्न बाहनामा निरन्तर अतिक्रमणको चपेटामा पर्दै आएको छ ।

पछिल्लो समय अतिक्रमण नियन्त्रणका लागि कैलालीमा जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकाय तथा स्थानीय संरक्षण समूह, संघसंस्थाबाट सहयोग प्राप्त भए पनि स्थानीय तह र राजनीतिक दलबाट अपेक्षित सहयोग प्राप्त नहुँदा समस्या भइरहेको डिभिजनल वन अधिकृत कँडेलले बताए । *रासस*


**मोटरसाइकल हरायो**

मिति २०८१/०४/१५ गते बिहान ११:३० बजे का.जि. टोखा न.पा. २ संकटा मन्दिर नजिकबाट Chassis No. MD2A13EX3LCF81809, Engine No. DKXCLF31464, बा.प्र.०२-०२०प ४१८६ नं.को २२० सि.सि.को कालो रातो रंगको पल्सर मोटरसाइकल हराएकोले पाउनु हुने महानुभावले नजिकको प्रहरीचौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

सवारी धनी: **भिम राज डंगोल**
ठेगाना: का.जि.टोखा न.पा.२
सम्पर्क: ९८५१०४९४८१



**अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना**

यस Panchasorna Group Pvt. Ltd. कम्पनीले CHINA बाट पैठारी गरेको दोहायको मालवस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

| सि. नं. | मालवस्तुको विवरण | आकार प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पात्तिको मुलुक राष्ट्र | ईकाई | ईकाई प्रति मूल्य | प्रति ईकाई अधिकतम खुद्रा बिक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | RANGEHOOD CHIMNEY | N/A | PANCHAFRESH | PS82-24Y01 | N/A | CHINA | PCS | 6,800.00 | 7,680.00 | |
| 2 | RANGEHOOD CHIMNEY | N/A | PANCHAFRESH | PS82-24Y02 | N/A | CHINA | PCS | 6,825.00 | 7,705.00 | |
| 3 | RANGEHOOD CHIMNEY | N/A | PANCHAFRESH | PS82-24Y03 | N/A | CHINA | PCS | 6,900.00 | 7,790.00 | |

बिक्रेताको फर्मको नाम: Panchasorna Group Pvt. Ltd. | स्थायी लेखा नं: 606749170
ठेगाना: Pespsikola-32, Kathmandu, Nepal | फोन नं: 9801171012



**युएईमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : NEW SYSTEM ENGINEERING L L C
पूर्व स्वीकृति मिति २०८१/०१/२५ | पुन विज्ञापन स्वीकृति मिति २०८१/04/२१ | LT. No. 304259 | चलानी नं. ६०२१९१६०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 50 | 0 | 800 | २९,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २९ गते (13th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1342/074/75
**Muskan Overseas Pvt. Ltd.**
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np



**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : ALLIED STAR CONTRACTING COMPANY LIMITED
पूर्व स्वीकृति मिति : २०८१/04/२१ | LT. No. 308197 | चलानी नं. ६०२२३०८०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loader Unloader | 15 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २९ गते (13th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



**युएईमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : POWER RECRUITMENT LLC
पूर्व स्वीकृति मिति : २०८१/04/२१ | LT. No. 308376 | चलानी नं. ६०२२३०६०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 100 | 0 | 800 | २८,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २९ गते (13th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Nexus Human Resource Pvt. Ltd.** Govt. License 1463/074/075
Basundhara-3, Kathmandu, Nepal, Tel.- +977-1-4016787, Mbl N. 9841093498



**रोमानियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : UNITED JOBS SRL
पूर्व स्वीकृति मिति २०७९/०८/१४ | पुन विज्ञापन स्वीकृति मिति: २०८१/04/२१ | LT. No. :276946 | चलानी नं.६०१९२४५८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब USD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 3 | 0 | 550 | ७३,०५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Nanny | 0 | 1 | 650 | ८६,३४० | | | | | | | |
| 3 | Gardener | 4 | 0 | 550 | ७३,०५५ | | | | | | | |
| 4 | General Worker | 3 | 0 | 550 | ७३,०५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २९ गते (13th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: ४०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Balaha Overseas Pvt. Ltd.** Govt. License 1534/078/079
Sinamngal - 9, Kathmandu, Nepal Tel: +977-1-5910171, E-mail: info@balahaoverseas.com




## 'नमेटिने घाउ' को पोस्टरमा प्रधानमन्त्री ओली

अभिनेता रमित ढुङ्गानाको निर्देशन तथा निर्माण रहेको सत्य घटनामा आधारित चलचित्र 'नमेटिने घाउ' को फस्टलुक्स पोस्टर सार्वजनिक गरिएको छ । चलचित्रको सार्वजनिक पोस्टरमा प्रधानमन्त्री केपी शर्मा ओली, प्रहरी उपरीक्षकद्वय बालनर्सिह राणा र कुमुद ढुंगेल, प्रहरी निरीक्षक जेआर शर्मा लगायत चलचित्रका मुख्य कलाकार हरूलाई देख्न सकिन्छ । अभिनेता रमित ढुङ्गानाले निर्देशन तथा निर्माण रहेको सत्य घटनामा आधारित चलचित्र 'नमेटिने घाउ' मा प्रधानमन्त्री ओलीका अलावा पूर्व प्रधानमन्त्री माधव नेपालको समेत अभिनय रहेको छ ।





# 'जोगिन्दर'ले ल्याए गाइजात्रे झटारो



■ प्रभाव संवाददाता

**काठमाडौं–** हास्य र व्यङ्ग्यको पर्व 'गाईजात्रा'लाई लक्षित गर्दै हरेक बर्ष विभिन्न हास्यब्यङ्ग्य सामाग्री भित्रिने गर्दछ । यस्तैमा लोकप्रिय कलाकार शिव शंकर रिजाल 'जोगिन्दर'ले आगामी 'गाइजात्रा'लाई लक्षित गर्दै गाईजात्रे कमेडी 'ठग-ठाग कोसेली' ल्याएका छन् । दर्शक तथा स्रोतालाई हास्यब्याङ्ग्यको माध्यमबाट विशुद्ध मनोरञ्जन दिन र बिकृति बिसंगतीमाथि प्रहार गर्दै चेतना प्रवाह गर्ने उदेश्यले उनले 'ठग -ठाग कोसेली' ल्याएका हुन्

बिगत २२ बर्षदेखि नियमित नियमित ब्याङ्ग्यका कोसेली दिर्दै आएका जोगिन्दरको 'ठग -ठाग कोसेली' ओएसआरको युट्युब च्यानल मार्फत सार्वजनिक भएको हो । अहिलेको राजनीतिक घटनाक्र, सामाजिक बिकृति बिसंगतिदेखि, फेसन र ग्ल्यामरसम्मलाई उनले 'ठग -ठाग कोसेली'मा ब्याङ्ग्यको मसला बनाएका छन् ।

लेखन, निर्देशन, प्रस्तुति समेत 'जोगिन्दर'कै रहेको 'ठग-ठाग कोसेली'मा प्यारोडी पनि छ । यसपटक उनले 'काले केटाले' भन्ने चर्चित गीतमा प्यारोडी बनाएका छन् । गीतमा एमाले अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओली, राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने, माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डदेखि नेपाली कांग्रेसका सभापति शेरबहादुरसम्मलाई उतारेका छन् । रिजालको 'ठग- ठाग कम्पनी' २२औं कोसेली हो । गतवर्ष उनले 'लुछाचुँडी' ल्याएका थिए ।

जोगिन्दरको 'ठग- ठाग कम्पनी'मा राधिका हमाल, गोपाल ढकाल 'छन्दे,' दिनेश काफ्ले , सुरेश तिमिल्सेना, सिला उप्रेती, शिवराम कार्की, सोनम शेर्पा, बिजेन्द्र नौबागे, धिरेन्द्र सिंह, साबित्री लामिछाने, पोसना श्रेष्ठ, बेदमणि अधिकारी र प्रेम शर्मा पौडेल रहेका छन् । 'ठग- ठाग कम्पनी'को पोष्ट प्रोडक्सन कोचे मिडियाले गरेको हो ।

गाइजात्रा हास्य कलाकारका लागि एउटा महान् उत्सव भएकोले सधैं झैं यो वर्षपछि गाईजात्रे झटारो ल्याएको कलाकार रिजालले बताए । 'अहिले यस्ता कोसेलीको व्यवसायिकता त छैन,' रिजालले भने 'बर्षेनी दर्शकश्रोता मेरो कोसेलीको पर्खाइमा बस्नुहुन्छ ।' दर्शकको मायाले गर्दा पनि यो बर्षपनि गाईजात्रे कमेडीमा निरन्तरता दिएको रिजालको भनाई छ । 'हरेक बर्ष झै यो बर्ष पनि दर्शकले माया दिनुहुन्छ भन्ने बिश्वास छ,' रिजालले थपे ।

विसं २०६१ सालदेखि हरेक वर्ष निरन्तर रूपमा गाईजात्रे प्रस्तुति बजारमा ल्याइरहेका रिजाल गाईजात्रामा हास्यब्याङ्ग्य कार्यक्रम गर्न', प्रस्तुति ल्याउनु हास्य कलाकारको धर्म नै मान्दछन् । शिवशंकर अहिले 'नाचघरमा आयोजना हुने 'गाईजात्रा कार्यक्रम'को तयारी छन् ।

# गीतकार पौडेलले ल्याए 'यसपालिको तीज रमाइलो'

■ प्रभाव संवाददाता

**काठमाडौं–** हरितालिका तीज पर्वको अवसर पारेर विभिन्न स्रष्टाहरूको सृजना सार्वजनिक हुन थालेका छन् । यसैबीच गीतकार निर्मलराज पौडेलको शब्द र चर्चित गायिका शान्तीश्री परियार र संगीतकार मोहित मुनालको सृजनामा 'यसपालिको तीज रमाइलो' नामक गीत बजारमा आएको छ ।

चेलीबेटी ज्यान माया माइतमै हाँसेर, तीज आयो ज्यान माया छमछमी नाचेर भन्ने मौलिक गीत परिवारका सबैजना एकै स्थानमा बसेर सुन्न र रमाउन सकिने गीतकार पौडेलले जानकारी दिए । कतिपय तीज गीत विवादमा तानिँदै आएका बेला यस्ता मौलिक गीतले पर्वको महत्व झल्काउने उनले बताए । तीज गीत आफ्नो मूल प्रवृत्तिबाट विमुख हुँदै गएको बेला मौलिक सृजनाका लागि आफूले अग्रसरता लिएको उनले जानकारी दिए ।

तीज गीतको परम्परा र मौलिकतालाई कायम राख्दै गरिएको सृजना श्रोता तथा दर्शकलाई मनपर्ने उनले विश्वास व्यक्त गरे । पछिल्लो समय बजारमा सार्वजनिक भएका केही गीत तीजको महत्व र मर्मविपरीत भएको भन्दै आलोचना भइरहेको छ ।




# 'माइली'को शुभमुहुर्त

**काठमाडौं (प्रस)–** रुना इन्टरटेन्ट्मेन्टको ब्यानरमा बन्ने फिल्म 'माइली' को सोमबार राजधानीको भद्रकाली मन्दिरमा मुहुर्त गरिएको छ । बाबु साहेब बलामीको कन्सेप्ट र निर्देशन रहेको फिल्मको मुहुर्त फिल्मका कलाकार र प्राविधिकको उपस्थितिमा मुहुर्त गरिएको हो ।

फिल्ममा प्रियंका कार्की, करिश्मा मानन्धर, शर्मिला मल्ल, कमला घिमिरे, सुष्मा लामा, अंशु महर्जन, कुसुम शर्मा, प्रिया रिजाल, गीता अधिकारी, सरिता भण्डारी, प्रितिका शर्मा, आश्मा पाण्डे र रेश्मा केसीको अभिनय हुनेछ ।

मुहुर्तमा अखिल नेपाल क्रान्तिकारी चलचित्रकर्मी संघका विवेक सापकोटाले क्ल्याप, सवनम मुखियाले क्यामरा, रक्षा सिंह राणाले निर्देशन गर्दा पत्रकार शान्तिप्रियले नरिवल फुटाएका थिए । नायिका प्रियंका कार्की र नव कलाकार कमला घिमिरेले मुहुर्त सट दिएका थिए । फिल्ममा प्रियंका र कमला आमाछोरीको भूमिकामा छन् ।

निर्देशक बलामीले सत्य घटनामा आधारित हुने भनिएको फिल्ममा महिलाको पीडा देखाइने बताए । 'दलित महिलाको श्रीमान नभएपछि समाजले ऊमाथि कस्तो दृष्टि लगाउछ ? उसका स-साना नाबालक छोरी हुर्काउन कति कठिन हुन्छ ? यहि समाज जातियताको आडमा कसरी प्रताडित गर्छ भन्ने कथा फिल्ममा देखाइनेछ,' निर्देशक बलामीले भने ।

मंगलबारबाट छायांकन गरिने फिल्म् मकवानपुरको वीरखर्ग, कुलेखानी, काठमाडौं र दुबईमा खिचिनेछ । शंकर अधिकारी 'घायल'को गीत र पटकथा, सम्बाद, राजेन्द्र बजगाइको संगीत, शिव ढकालको छायांकन, केवलमान सिंह बस्नेतको प्रोडक्सन, समीर मियाँको सम्पादन र रामजी राउतको मुख्य सहायक निर्देशन छ ।



काभा वुमन्स नेसन्स भलिबल

# सेमिफाइनल समीकरण पूरा

## फाइनल प्रवेशका लागि नेपाल इरानसँग भिड्दै

■ प्रभाव संवाददाता

काठमाडौं– काठमाडौंमा जारी काभा महिला भलिबल लिगमा नेपालले माल्दिभ्सलाई ३-० को सेटमा पराजति गरेको छ । यो खेल त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा सम्पन्न खेलमा नेपालले सोझो सेटमा ३-० ले माल्दिभ्सलाई पराजित गरेको हो । योसँगै सेमिफाइनलको समीकरण पनि पुरा भएको छ ।

भारत १० अंकसहित शिर्ष स्थानमा रहदै सेमिफाइनलमा पुगेको छ भने अब सेमिफाइनलमा चौथो स्थानमा रहेको श्रीलंकासँग खेल्ने छ । त्यस्तै नेपाल ९ अंकसहित दोस्रो स्थानमा रहेको छ र भने अब सेमिफाइनलमा ७ अंकसहित तेस्रो स्थानमा रहेको इरानसँग खेल्ने छ ।

अब सेमिफाइनल खेल मंगलबार हुने छन् । मंगलबार अपराहन्न ३ बजे पहिलो स्मेइप ाइनल् खेल भारत र श्रीलंकाबीच हुने छ भने दोस्रो सेमिफाइनल खेल नेपाल र इरानबीच अपराहन्न ५: १५ बजेदेखि शुरु हुने छ ।



# नेपालका ५ तेक्वान्दो खेलाडी छनिए

■ प्रभाव संवाददाता

**काठमाडौं–** १३औं दक्षिण एसियाली खेलकुद (साग) का पदक विजेतासहित नेपालका पाँच तेक्वान्दो खेलाडी अस्ट्रेलियाको राष्ट्रिय तेक्वान्दो प्रतियोगिताका लागि छनोट भएका छन् ।

सिड्नीको होमबसमा सम्पन्न न्यु साउथ वेल्स स्टेट च्याम्पियनसिपबाट पाँच नेपाली खेलाडी छनोट भएका हुन् । १३औं सागका कांस्य विजेता शिशिर श्रेष्ठसहित चन्दु शाही, पारस भण्डारी, मनोज श्रेष्ठ र सन्जिला तिमिल्सिना छनोट भए । व्यक्तिगत पुम्से चौथो डानतर्फ शिशिर कांस्य पदक जित्न सफल भए । स्टेट च्याम्पियनसिपमा शीर्ष तीन स्थानका खेलाडीले राष्ट्रिय प्रतियोगितामा प्रतिस्पर्धा गर्न पाउँछन् ।

चन्दु र सञ्जिला महिला व्यक्तिगत पुम्से तेस्रो डानतर्फ छनोट भए । चन्दुले कांस्य र सञ्जिलाले रजत पदक जिते । पारस पुरुष व्यक्तिगत पुम्से (तेस्रो डान) तर्फ राष्ट्रिय प्रतियोगिताका लागि छनोट भए । उनी यस विधामा रजत जित्न सफल भए । यसै विधामा दोस्रो डानतर्फ प्रतिस्पर्धा गरेका मनोज श्रेष्ठ भने स्वर्ण जित्दै छनोट भए । सबैले ट्रेडिसनल पुम्सेमा प्रतिस्पर्धा गरेका थिए । यस च्याम्पियनसिपमा विभिन्न देशका करिब आठ सय खेलाडीले प्रतिस्पर्धा गरेका थिए ।

# पुलिसको जितमा सुवासको ह्याट्रिक

■ प्रभाव संवाददाता



**काठमाडौं–** कप्तान सुवास बमको ह्याट्रिकमा नेपाल पुलिस क्लबले ललित स्मृति एन्फा यु-१८ युथ लिगमा विजभागीय डर्बीमा नेपाल एपिएफ क्लबलाई पराजित गरेको छ ।

सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा सोमबार भएको खेलमा एपिएफलाई पुलिसले ६-० ले पराजित गरेको हो । छैटौं जितसँगै शीर्ष स्थानमा रहेको पुलिसले सात खेलमा १९ अंक जोडेको छ । चौथो पराजय बेहोरेको एपिएफको सामना खेलबाट सात अंक छ ।

खेलको ४७औं मिनेटमा लक्ष्मण थामीको गोलमार्फत पुलिसले सुरुआती अग्रता लिएको थियो । त्यसको ११ मिनेटपछि लक्ष्मणले नै टोलीको अग्रता दोब्बर बनाए ।

७४ र ७८ औं मिनेटमा कप्तान सुवास बमले गोल गरे । निर्धारित समय सकिन एक मिनेट बाँकी रहँदा सुवासले ह्याट्रिक पूरा गरे । इन्जुरी समययमा सुवासले नै व्यक्तिगत चौथो गोल गर्दै पुलिसलाई ६-० को फराकिलो जित दिलाए ।

# ४६४५ मिटर उचाइमा गल्फ

■ प्रभाव संवाददाता

**म्याग्दी–** समुन्द्रि सतहदेखि चार हजार छ सय ४५ मि टर उचाइमा रहेको मुस्ताङको लोमान्थाङ गाउँपालिका-५ लोवथाङमा गल्फ प्रतियोगिताको आयोजना गरिएको छ ।

लोवथाङमा हुने गल्फ प्रतियोगितालाई विश्वकै उच्च स्थानको दाबी गरिएको छ । यसअघि लोमान्थाङ गाउँपालिकाले त्यहाँ दुई पटक गल्फ प्रतियोगिता आयोजना गरिएको थियो । आगामी भदौ १ गते हुन लागेको तेस्रो संस्करणको प्रतियोगितामा ६० जना खेलाडीले सहभागिता जनाउने मुस्ताङ गल्फ कोर्सका प्रबन्ध निर्देशक इन्द्रधारा विष्टले जानकारी दिए ।

खेलकुदको माध्यमबाट पर्यटन विकास गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको उनले बताए । 'उच्च उचाइको कारणले, प्रतियोगिता नौ होलमा स्टेबलफोर्ड ढाँचामा खेलाउँछौं,' उनले भने, 'विजेता, उपविजेता, बेस्ट ग्रस, लेडी विजेता, क्लोजेस्ट टु द पिन र लङेस्ट ड्राइभका लागि पनि पुरस्कार प्रदान गरिनेछ ।'

प्रतियोगितालाई अन्तर्राष्ट्रियस्तरको बनाउने उद्देश्यका साथ १५ जना भारतीय खेलाडीलाई पनि निमन्त्रण गरिएको छ । होल नम्बर ३ मा होल इन वन गर्ने कुनै पनि खेलाडीलाई याक पुरस्कार प्रदान गरिने विष्टले बताए ।

गल्फ प्रतियोगितामा याक पुरस्कार दिने अनौठो र चाख लाग्दो अभ्यास गर्न लागेको विष्टले बताए । प्रतियोगिता सञ्चालन गर्न रु सात लाख खर्च हुने अनुमान गरिएको छ । दुई वर्षअघि निर्माण भएको सो खेलमैदानलाई विश्वकै उच्च स्थानको गल्फ कोर्सको रूपमा गिनिज बुकमा अभिलेख दर्ता गराउने उद्देश्यसहित यसअघि सन् २०२२ र २०२३ को अगस्टमा पनि प्रतियोगिता सञ्चालन गरिएको थियो ।

यसअघि भारतको सिक्किममा तीन हजार नौ सय ७० मिटर उचाइमा रहेको याक गल्फ कोर्षलाई सर्वाधिक उचाइको गल्फ कोर्ष मान्ने गरिएको थियो । लोवाथाङ गाउँपालिकाको केन्द्र लोमान्थाङ बजारदेखि पश्चिम डोल्पा जाने बाटोमा पर्छ । त्यहासम्म पुग्न सडक समेत विस्तार भईसकेको छ । करिब तीन किलोमिटर फराकिलो समथर खुला क्षेत्रमा घाँसे मैदानमा गल्फ खेलका लागि मैदान बनाइएको छ ।

गल्फका लागि टि बक्स, फेयर वे र ग्रिन, फ्रन्ट लाइन र ब्याक लाइनको टिबक्सलगायत संरचना बनाइएको छ । गल्फ खेलमैदान पुग्न लोमान्थाङबाट १२ किलोमिटर सडक यात्रा गर्नुपर्छ । सवारीसाधनमा लोमान्थाङबाट ३० मिनेटमा पुग्न सकिन्छ ।



बंगलादेशको ढाकामा सोमबार निस्किएको सरकारविरोधी प्रदर्शन प्रधानमन्त्रीनिवासतर्फ जाँदै । बंगलादेशमा जुलाईमा सरकारी कर्मचारी भर्तीमा लागू गरिएको आरक्षणको व्यवस्थाविरुद्ध विद्यार्थीहरूको नेतृत्वमा भएको प्रदर्शन अनियन्त्रित बनेपछि सोमबार प्रधानमन्त्री शेख हसिना राजीनामा दिएर देश छाड्न बाध्य भएकी छन् । *तस्बिरः एएफपी*

# इजरायली आक्रमणमा दुई लेबनानीको मृत्यु

**बेरूत, लेबनान-** लेबनानको दक्षिणमा इजरायली आक्रमणमा सोमबार दुई जनाको मृत्यु भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ । यस क्षेत्रमा गाजा युद्ध सुरु भएदेखि हेजबुल्लाह समूहले इजरायलसँग दैनिक आक्रमण गरिरहेको छ ।

गत हप्तादेखि, तेहरानमा हमासका नेता र बेरुतमा हेजबुल्लाहका सैन्य प्रमुखको हत्याको बदला लिने वाचा गरेका हेजबुल्लाहसहित इरान र तेहरान समर्थित समूहका क्रियाकलापले मध्यपूर्वमा तनाव बढिरहेको छ ।

आक्रमणमा दुई जनाको मृत्यु भएको लेबनानको स्वास्थ्य मन्त्रालयले विज्ञप्तिमार्फत जनाएको छ । आक्रमणमा मारिएकामध्ये एकजना 'रिसाला स्काउट्स प्यारामेडिक' रहेको लेबनानको सरकारी समाचार एजेन्सीले जनाएको छ ।

इजरायली सीमाबाट दुई किलोमिटरभन्दा कम दूरीमा रहेको गाउँ मैस अल-जबलले सीमापार झडप सुरु भएदेखि भारी आक्रमणको सामना गरेको छ भने अधिकांश बासिन्दा प्रभावित क्षेत्र छोड्न बाध्य छन् । सोमबार हेजबुल्लाह समूहले लेबनानमा इजरायली 'आक्रमण र हत्या'को प्रतिक्रियामा इजरायलका सैन्यस्थलमा विष्फोटक पदार्थसहितको ड्रोन आक्रमण गरेको जनाएको छ ।

एएफपीका अनुसार अक्टोबरदेखि सुरु भएको सीमापार आक्रमणमा लेबनानमा कम्तीमा ५४९ जनाको मृत्यु भएको छ र उनीहरूमध्ये अधिकांश लडाकु र सर्वसाधारण छन् । इजरायली सेनाका तथ्यांकअनुसार इजरायलद्वारा नियन्त्रणमा लिएको गोलन हाइट्ससहितका क्षेत्रमा २२ जना सैनिक र २५ जना सर्वसाधारण मारिएका छन् । *रासस/एएफपी*

# दक्षिण अफ्रिकी प्रहरीद्वारा ९० इथियोपियालीको उद्धार

**जोहानेसबर्ग-** दक्षिण अफ्रिकी प्रहरीले सप्ताहन्तमा ९० जना इथियोपियालीलाई अमानवीय अवस्थामा बन्द कोठाहरूमा फेला पारेको छ । प्रहरीले यसमा संलग्न दुई संदिग्धलाई अपहरण र मानव बेचबिखनको आरोपमा पक्राउ गरेको छ ।

प्रहरीले शनिबार जोहानेसबर्गको एउटा घरमा इथियोपियालीहरूलाई फेला पारेको थियो । उनीहरूले साताको सुरुमा फिरौतीका लागि अपहरण गरेका व्यक्तिलाई खोजिरहेका एक प्रहरी प्रवक्ताले बताए । अधिकारीहरूले कथितरूपमा उनीहरूको इच्छाविपरीत र अमानवीय परिस्थितिमा राखिएका ९० जना दस्तावेजविहीन इथियोपियाली नागरिकहरूलाई उद्धार गरेको एक विज्ञप्तिमा बताइएको छ ।

उक्त समूहमा अपहरणमा परेका व्यक्ति पनि थिए । अपहरणकारीले उनको रिहाइका लागि हजारौं रूपैयाँ फिरौती मागेका थिए । दक्षिण अफ्रिकाको कमजोर आर्थिक वृद्धिका बावजुद अफ्रिका महादेशको सबैभन्दा औद्योगिक राष्ट्रका रूपमा मुख्यगरी अफ्रिकी मुलुकहरूबाट यसले लाखौं आप्रवासीलाई आकर्षित गर्दछ ।

गत सेप्टेम्बरमा अधिकांश इथियोपियाली र केही १० वर्षका बालकसहित करिब १०२ जना कागजातविहीन विदेशी नागरिक जोहानेसबर्गको पूर्वमा रहेको एउटा घरमा फेला परेका थिए । तत्कालीन गृह मामिलामन्त्री आरोन मोत्सोलेदीका अनुसार उनीहरूलाई दक्षिण अफ्रिकामा देशभर सामान्य स्टोरहरू सञ्चालन गर्न ल्याइएको थियो । *रासस/एएफपी*

# भारतकी राष्ट्रपति मुर्मू वैदेशिक भ्रमणमा

**फिजी-** भारतीय राष्ट्रपति द्रौपदी मुर्मू तीन राष्ट्रको भ्रमणको क्रममा सोमबार फिजी पुगेकी छन् । राष्ट्रपति मुर्मू उनका फिजीका समकक्षी रतु विलियाम मैवालिली काटोनिभेरेको निमन्त्रणमा तय भएको राजकीय भ्रमणका क्रममा फिजी पुगेकी हुन् । फिजीमा रहँदा उनले फिजीका समकक्षी काटोनिभेरे र प्रधानमन्त्री सिटिभेनी राबुकासँग द्विपक्षीय भेटवार्ता गर्ने कार्यक्रम छ ।



अगस्ट ५-६ को फिजी भ्रमणपछि उनी न्युजिल्यान्ड र टिमोरको लेस्टी भ्रमण गर्ने कार्यक्रम रहेको छ । फिजीमा राष्ट्रपति मुर्मूले त्यहाँको संसद्लाई सम्बोधन गर्ने र प्रवासी भारतीयसँग अन्तरक्रिया गर्ने कार्यक्रम छ ।

भ्रमणको दोस्रो चरणमा राष्ट्रपति मुर्मू न्युजिल्यान्डका गभर्नर जनरल सिन्डी किरोको निमन्त्रणामा अगस्ट ७ देखि ९ सम्म न्युजिल्यान्डको भ्रमण गर्ने छिन् । न्युजिल्यान्ड भ्रमणको क्रममा राष्ट्रपति मुर्मूले द्विपक्षीय बैठक तथा भेटवार्ता गर्ने कार्यक्रम छ । न्युजिल्यान्डमा राष्ट्रपति मुर्मूले शैक्षिक सम्मेलनलाई सम्बोधन गर्ने र भारतीय समुदायसँग अन्तरक्रिया गर्ने कार्यक्रम तय भएको छ ।

भ्रमणको अन्तिम चरणमा, राष्ट्रपति मुर्मुले टिमोर लेस्टीका राष्ट्रपति जोस रामोस-होर्टाको निमन्त्रणामा तिमोर लेस्टीको यात्रा गर्ने छिन् । उनले टिमोर लेस्टीका प्रधानमन्त्री जानाना गुस्माओसँग पनि भेटवार्ता गर्ने छिन् ।

राष्ट्रपति मुर्मुको फिजी, न्युजिल्यान्ड र तिमोर-लेस्टीको भ्रमणले ती देशहरूसँगको द्विपक्षीय सम्बन्धमा भारतले दिएको महत्त्वलाई जोड दिने र प्रधानमन्त्री नरेन्द्र मोदीले १० वर्षअघि नवौं पूर्वी एसिया शिखर सम्मेलनमा घोषणा गरेको 'एक्ट इस्ट' नीतिमा केन्द्रित रहने जनाइएको छ । *रासस/एएनआई*

# पहिलो बिमस्टेक व्यापार शिखर सम्मेलन आयोजना गर्दै भारत

**नयाँदिल्ली-** पहिलो बिमस्टेक व्यापार शिखर सम्मेलनको आयोजना अगस्ट ६ देखि ८ सम्म भारतको नयाँदिल्लीमा गर्न सम्पूर्ण तयारी सकिएको भारतले जनाएको छ । सम्मेलनका लागि विदेश मन्त्रालयले भारतीय उद्योग परिसंघ (सिआइआई) सँगको सहकार्यमा तीन दिने कार्यक्रमको आयोजना गर्ने छ ।

विदेश मन्त्रालयको प्रेस विज्ञप्तिअनुसार विदेशमन्त्री एस जयशंकरले सम्मेलनको उद्घाटन गर्ने छन् भने केन्द्रीय वाणिज्य तथा उद्योगमन्त्री पियुष गोयललगायतका नेताहरूले सम्मेलनलाई सम्बोधन गर्ने छन् ।

सम्मेलनमा व्यापार, वाणिज्य, उद्योगका साथै ऊर्जा क्षेत्रका समस्याबारे बिमस्टेक सदस्य राष्ट्रका मन्त्री, उच्च पदस्थ सरकारी अधिकारी, उद्यमीलगायतको सहभागितामा छलफल हुने छ । मन्त्रालयले सम्मेलनको पहिलो उद्देश्य बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि 'बे अफ बंगाल इनिसिएटिभ (बिमस्टेक)' का सदस्य राष्ट्रबीच व्यापार र लगानीको माध्यमबाट क्षेत्रीय सहयोगलाई वृद्धि गर्ने रहेको जनाएको छ ।

कार्यक्रम आर्थिक सहकार्य सहज बनाई व्यापार, ऊर्जा सुरक्षा, दिगो विकासललगायतमा केन्द्रित रहने छ । *रासस/एएनआई*


## IELTS सर्टिफिकेट हराएको सूचना

ब्रिटिश काउन्सिलबाट मलाई प्रदान गरिएको निम्न व्यहोराको सर्टिफिकेट मिति २०८१/०४/०५ गते कलंकीबाट रत्नपार्कसम्म जाँदै गर्दा हराएकोले फेला पार्नु हुनेले नजिकैको प्रहरी चौकी वा फोन नं. ९८०२३११४० मा सम्पर्क गरिदिनुहोला ।

**नाम: रितिदीप रिजाल**
**ठेगाना: कलंकी, काठमाडौं ।**
Reference No. A3-NP004-A-10364931


# चीनमा बाढीका कारण आठको मृत्यु, १९ बेपत्ता

**बेइजिङ-** दक्षिणपश्चिम चीनको सिचुआन प्रान्तको कांगडिङ सहरमा आएको बाढी र पहिरोका कारण आठ जनाको मृत्यु हुनुका साथै १९ जना बेपत्ता भएका छन् । बाढीका कारण समुद्री सतहबाट एक हजार ३०० मिटरको उचाइमा अवस्थित उपत्यकामा रहेको एउटा पुलका साथै घरहरू क्षतिग्रस्त भएको स्थानीय अधिकारीहरूले बताएका छन् ।



अधिकारीका अनुसार प्रभावित क्षेत्र नजिकैका पहाड र समुद्र सतहबाट पाँच हजार मिटरभन्दा बढी उचाइमासमेत बाढी र पहिरोबाट छ जनाको मृत्यु हुनुका साथै ११ जना बेपत्ता भएका छन् । यसैगरी बाढीले पुल भत्काउँदा यातायात आवागमनसमेत प्रभावित भएको छ । चिनियाँ समाचार संस्था, सिन्ह्वाले उद्धारमा संलग्न एक कार्यालयलाई उद्धृत गरी एक व्यक्तिलाई उद्धार गरी अस्पताल लगिएको र अन्य दुई जनाको मृत्यु भएको जनाएको छ ।

स्थानीय अधिकारीले प्रकोपको बारेमा जानकारी दिँदै उद्धार अभियानमा अहिलेसम्म एक हजार ५५४ जना उद्धारकर्तालाई प्रभावित क्षेत्रमा पठाइएको र उद्धार कार्य जारी राखेको जनाएका छन् । *रासस/क्युएनए*


## माइग्रेसन हराएको सूचना

मितिः २०८१/०२/०४ गते कुपण्डोलदेखि सिंहदरबारसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको पूर्वाञ्चल विश्वविद्यालयबाट जारी मास्टर डिग्रीको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : भुवन भण्डारी**
**रजिस्ट्रेसन.नं.: २५-१-३-२२६०-२००२**
**ठेगाना.: काठमाडौं**
**सम्पर्क: ९८४८४५५४८७**

## बीमालेख हरायो

मिति २०८१/०३/०४ गते, रत्नपार्कदेखि चावहिलसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको बीमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

**नाम : प्रतिभा श्रेष्ठ**
**बीमालेख नं : ११००१८५३७**
**LIC Nepal Ltd.**
**ठेगाना : क्षेत्रपाटी, काठमाडौं**
**सम्पर्क नं : ९८५१०६४६२४**

## कर्मचारी हटाइएको सम्बन्धी सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगारीका लागि इजाजत प्राप्त कम्पनी इजाजत नम्बर ९८१/०६७/०६८ यस **Mahad Manpower Pvt. Ltd. (Splendid Job Solution Pvt. Ltd.)** मा कार्यरत निम्न कर्मचारीहरु सम्पर्कविहिन भएको र हाल यस कार्यालयम कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेबार हुने छैन । साथै कुनै दाबी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| नाम | नागरिकता नम्बर | ठेगाना |
| --- | --- | --- |
| साईत बहादुर राई | २४९७ | टाडी ०६, मोरङ्ग |
| लोक बहादुर विश्वकर्मा | ६२६३७ | ठोक्सीला ०७, उदयपुर |
| किरण घिमिरे | ४५-०१-७४-००३३३२ | जौबारी ०२, गोरखा |

**MAHAD MANPOWER PVT. LTD.**
Tinkune, Kathmandu, Nepal Tel No: +977-1-4112456/ 411 2457
Email Id: info@mahadmanpower.com.np, Web: mahadmanpower.com.np, Job Portal: mahadjobs.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : AN ESTABLISHMENT TOWARDS THE TREND OF SERVING BEVERAGES**
पूर्व स्वीकृति मिति २०८१/04/२१ | LT. No. 308433 | चलानी नं. ६०२२३१०१

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| 1 | Food and Beverage Counter Worker | 2 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २९ गते (13th Aug. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
| --- | --- | --- | --- | --- | --- | --- | --- |
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३८४/०५९/०६०
**Pigeon International Overseas Pvt. Ltd**
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी: SRACO HUMAN RESOURCES CO.**
पूर्व स्वीकृति मिति २०८१/04/२१ | LT. No. 308400 | चलानी नं. ६०२२३०७०

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| 1 | TRADE WORKER | 1 | 0 | 1000 | ३५,३६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २९ गते (13th Aug. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
| --- | --- | --- | --- | --- | --- | --- | --- |
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ६१९/०६३/०६४
**Nasser Outsourcing Consultants Pvt. Ltd.**
Ratopool-9, Kathmandu, Nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950,
Email: nocnepal@nassers.org

## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फयाक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्युनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला - १५०००० | प्रति तोला - १३७९१० | प्रति तोला - १७८५ |



**स्याउ खेती** | मुस्ताङको थासाङ गाउँपालिकाको कोवाङ र टुकुचे नजिकै रहेको स्याउ बगैंचा । केही वर्षअघि कालीगण्डकीको बगर रहेको यस ठाउँमा स्याउ खेती गरेर कृषकहरूले बगैंचामा परिणत गरेका छन् । *तस्बिरः सन्तोष गौतम/रासस*

# फास्ट ट्र्याकको धेद्रे सुरुङको 'ब्रेक थ्रू'

■ प्रभाव संवाददाता

**बकैया (मकवानपुर)–** प्रधानमन्त्री केपी शर्मा ओलीले राष्ट्रिय गौरव एवं रणनीतिक महत्वको काठमाडौं-तराई/मधेस द्रुतमार्ग (फास्ट ट्र्याक) सडक आयोजनाअन्तर्गत घट्टेपाँखा-धेद्रे सुरुङको स्वीच थिचेर 'ब्रेक थ्रु' गरेका छन् ।

मकवानपुरको बकैया गाउँपालिका-१२ धेद्रेमा सोमबार एक समारोहबीच प्रधानमन्त्री ओलीले काठमाडौं-निजगढतर्फको एक दशमलव सात सय २८ किमी लामो सुरुङ ब्रेक थ्रु गरेका हुन् । निजगढ-कामाठाडौंतर्फको एक दशमलव छ सय ५३ किमी धेद्रे सुरुङ भने गत जेठ ११ गते नै 'ब्रेक थ्रु' भइसकेको छ । धेद्रे सुरुङ छिचोलिएसँगै प्याकेज नं दुईअन्तर्गतका सबै सुरङ खोल्ने काम सम्पन्न भएको छ ।





कार्यक्रममा प्रधानसेनापति प्रभुराम शर्माले आयोजनाको हालसम्मको निर्माण प्रगति र चुनौतीबारे प्रधानमन्त्री ओलीलाई अवगत गराउँदै आयोजनाको भौतिक प्रगति ३५ दशमलव ९८ प्रतिशत रहेको जानकारी दिए ।

लेनडाँडामा रहेको निजगढ-काठमाडौंतर्फको एक दशमलव ६ सय १२ किमी र काठमाडौं-निजगढतर्फको एक दशमलव ६ सय ३३ किमी सुरुङ यसअघि नै खनिसकिएको छ । तीन दशमलव तीन सय २२ किमीको निजगढ-काठमाडौंतर्फको महादेवटार सुरुङ हालसम्म दुई दशमलव २९ किमी तथा तीन दशमलव तीन सय ८६ किमीको काठमाडौं-निजगढतर्फको दुई दशमलव दुई सय ८८ किमी सुरुङ खनिसकिएको छ । सो सुरुङ यसैवर्ष सम्पन्न गर्नेगरी काम भइरहेको नेपाली सेनाले जनाएको छ ।

द्रुतमार्ग २०८३ चैत मसान्तसम्ममा सम्पन्न गर्ने लक्ष्य छ । आयोजनालाई १३ प्योकजमा विभाजन गरी निर्माण गरिएको छ । आयोजनाअन्तर्गत विभिन्न स्थानमा निर्माण हुने ८९ मध्ये ८५ पुल ठेक्का व्यवस्थापन भई कार्यान्वयनका चरणमा छन् । बाँकी चार पुल खोकना क्षेत्रमा रहेका छन् । सो क्षेत्रमा जग्गा अधिग्रहणसम्बन्धी समस्याका कारण निर्माणमा ढिलाइ भइरहेको छ ।

प्रस्थान बिन्दु ललितपुरको खोकना र अन्तिम बिन्दु बाराको निजगढ रहेको सो सडकको लम्बाइ ७० दशमवल नौ सय ७७ किलोमिटर छ । द्रुत मार्ग पहाडी भू-भागमा २५ मिटर र तराई भूभागमा २७ मिटर फराकिलो हुनेछ । द्रुतमार्गमा १० दशमवल तीन सय नौ ९ किमी लम्बाइका ६ वटा सुरुङ बन्ने छन् । आयोजनाअन्तर्गत देवीचौरमा एक किमी, सिसौटारमा शून्य दशमलव ३९ किमी, चन्द्राम भीरमा दुई दशमलव २५ किमी, महादेवडाँडामा तीन दशमलव तीन सय ५५ किमी, धेद्रेमा एक दशमलव ६ सय ९१ र लेनडाँडामा एक दशमलव ६ सय २३ किमी लामो सुरुङ निर्माण हुनेछ ।

सो सडकमा विभिन्न स्थानमा १२ दशमलव आठ सय ८५ किमी लम्बाइका ८९ पुल निर्माण हुनेछन् । बुदुनेमा दुई विश्रामस्थल तथा खोकना, बुदुने र निजगढमा एक/एक इन्टरचेन्ज र टोल प्लाजा निर्माण गरिनेछन् ।

मन्त्रिपरिषद्को २०७४ वैशाख २१ गतेको निर्णयानुसार सो आयोजना निर्माण व्यवस्थापनको जिम्मेवारी नेपाली सेनालाई दिइएको हो । सो आयोजनाको २०७४ जेठ १४ गते तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले बाराको निजगढमा शिलान्यास गरेका थिए । सरकारले २०७४ साउन २७ गते सडक विभागबाट सेनालाई आयोजना हस्तान्तरण गरेको थियो ।

उक्त अवरसमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल, भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहाल, रक्षामन्त्री मानवीर राई, वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही तथा नेपालका लागि चीन र दक्षिण कोरियाका राजदूत उपस्थित थिए ।

# डेडिकेटेड र ट्रंकलाइन विद्युत् महसुल बक्यौता विवाद टुंग्याउन माग

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रतिनिधिसभाको सोमबारको बैठकमा सांसदहरूले डेडिकेटेड र ट्रंकलाइनको विद्युत् महसुल बक्यौता विवाद चाँडो सुल्झिनुपर्ने धारणा राखेका छन् । विशेष समयमा बोल्ने अधिकांश सांसदहरूले यो विषयलाई कानुनी ढङ्गले चाँडो निरूपण हुनुपर्ने बताएका हुन् ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद मनिष झाले डेडिकेटेड र ट्रंकलाइनको विद्युत् महसुल बक्यौतासम्बन्धी विवाद चाँडो निरूपण हुनुपर्नेमा जोड दिए । डेडिकेटेड र ट्रंकलाइनको विद्युत् बक्यौता नतिर्ने कम्पनीलाई सरकारले पक्षपोषण गरेको दाबी गरे । नेपाल विद्युत् प्राधिकरणका दुईजना सञ्चालकलाई सरकारले बर्खास्त गरेको विषयमा पनि उनले असन्तुष्टि जनाए ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद रोशन कार्कीले विभिन्न दुर्घटना र प्राकृतिक विपद्मा परेर ज्यान गुमाउनेको सङ्ख्या बर्सेनि बढ्दै जानु दुःखद् रहेको बताए । हवाई सुरक्षाका विषयमा नियामकलगायत सम्बन्धित निकायबीच जिम्मेवार हुन नसकेको उनको भनाइ छ । शिक्षालयलाई राजनीतिको छायाबाट मुक्त गरिनपर्नेमा उनले भाग गरे ।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का सांसद मेटमणी चौधरीले नेपाल विद्युत् प्राधिकरणका दुई जना सञ्चालकले निर्णय प्रक्रियामा असहमति जनाएकै आधारमा सरकारले बर्खास्त गरेको जिकिर गरे ।

सार्वजनिक लेखा समितिले यसअघि बक्यौता असुल गर्न भनेर निर्देशन दिएको र मन्त्रिपरिषद्बाट पनि बक्यौता उठाउन निर्णय गरेको उनले उल्लेख गरे । त्यस्तै विभिन्न अदालतबाट पनि विलम्ब शूल्कसहित महसुल बक्यौता उठाउन आदेश भएकोमा प्राधिकरणले त्यसलाई कार्यान्वयन गर्न नसकेको बताए । डेडिकेटेड र ट्रंकलाइनको विद्युत् महसुल बक्यौता मिनाहा गरेर राजश्व गुम्ने अवस्था आउन नहुने चौधरीले बताए ।

जनता समाजवादी पार्टीका सांसद सुशीला श्रेष्ठले व्यवस्थित भू-नीति नहुँदा जलाधार क्षेत्र संरक्षणमा समस्या भएको बताइन् । कृषियोग्य जमिन र जलाधार क्षेत्र मिचेर जथाभावी प्लटिङ गर्ने र बस्ती बसाउने क्रम बढेको उनले उल्लेख गरिन् ।

सांसद प्रेम सुवालले भक्तपुरका विभिन्न स्थानका सडक संरचना निर्माण र सुधारमा ढिलाइ भइरहेको विषय उठाए । उनले डेडिकेटेड र ट्रंकलाइनको विद्युत् महसुल बक्यौता असुल गरिनुपर्ने धारणा राखे ।

# 'केही कम्पनीका सेयर मूल्यमा अस्वभाविक वृद्धि'

■ प्रभाव संवाददाता

**काठमाडौं–** पूर्वअर्थमन्त्री एवम् नेपाली कांग्रेसका नेता डा. प्रकाशशरण महतले केही कम्पनीका सेयर मूल्य अस्वभाविकरूपमा बढेको देखिएकाले त्यस्ता कम्पनीको सेयर कारोबारमा बदमासी भएकोबारे नियामकले अनुसन्धान गर्नुपर्ने बताएका छन् ।

प्रतिनिधिसभाको बैठकमा विशेष समयमा बोल्दै डा महतले अहिले पुँजीबजारको वृद्धिलाई स्वभाविक रूपमा लिन नसकिने बताएका हुन् । 'पछिल्लो समय सेयर बजारमा गति देखिएको छ । तर सेयर बजारमा जसरी 'बुलिस ट्रेण्ड' देखिएको छ, त्यसलाई हामीले सहजरूपमा लिनसक्ने अवस्था अवश्य छैन । त्यहाँ केहि चलखेलको सम्भावना प्रशस्त देखिएका छन्,' उनले भने, 'कतिपय संस्थाको जसरी सेयर मूल्य बढेको छ, त्यो स्वभाविक देखिँदैन । ती संस्थाको क्षमता कति हो र आर्थिक अवस्था कस्तो छ ? नाफा कति दिनसक्छ ? भन्ने आधार नहेरिकनै मूल्य बढेको छ । यतातर्फ सरकार र नियामकको ध्यान जान जरुरी छ ।'



पुँजीबजारमा केहि व्यक्तिले 'इन्साइडर ट्रेडिङ' गरेको हुनसक्ने पूर्वअर्थमन्त्री महतले आशंका प्रकट गरे । 'कुनै कम्पनीको भित्री सूचना प्राप्त गरेर त्यसको दुरूपयोग गर्ने र आम लगानीकर्तालाई फस्ने परिस्थिति निर्माण हुन सक्दछ । केही त्यस्ता संस्थाको सेयर मूल्य बढेकोप्रति गम्भीर रूपमा हेर्न जरुरी छ,' उनले भने ।

नेपाल राष्ट्र बैंकको कहिले चाहिनेभन्दा लचक र कहिले चाहिनेभन्दा कसिलो मौद्रिक नीतिका कारण अर्थतन्त्रमा समस्या आएको धारणा महतको छ । यद्यपि पछिल्लो मौद्रिक नीतिले अर्थतन्त्रलाई चलायमान बनाउन मद्दत पु-याउने उनले बताए । मौद्रिक नीतिमार्फत् राष्ट्र बैंकले बैंकदर र नीतिगत दर घटाएपनि पनि यसले ब्याजदर भने घट्ने नदेखिएको उनको भनाइ छ ।

सार्वजनिक वित्त व्यवस्थापन र बजेट प्रणालीमा अनुशासन आवश्यक रहेको महतको धारणा थियो । सङ्घ सरकारबाट रु तीन करोडभन्दा तलका आयोजनालाई बजेट विनियोजन नगर्ने कार्यविधि बनेकोमा अघिल्लो सरकारले साना आयोजनामा पनि केन्द्र सरकारबाट बजेट विनियोजन गरेर आर्थिक अनुशासन उल्लंघन गरेको बताए । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन र नियमावलीका व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको महतले उल्लेख गरे । त्यस्तै, आन्तरिक र बाह्य ऋण परिचालन ठिक ठाउँमा खर्च नभएमा ऋणको भार बढ्दै जाने उहाँको भनाइ छ । गत आर्थिक वर्षको अन्तिम अर्थात् असार महिनामा रकमान्तर भएको विषय उनले संसदमा उठाए ।

स्रोत सुनिश्चितता बिनाका धेरैवटा आयोजना अघि बढाउनु सरकारको कमजोरी रहेको र यसले राम्रो नतिजा नदिने डा महतको भनाइ छ । सरकारले बजेटमार्फत् धेरै नयाँ आयोजना प्रस्ताव गरिएको तर प्राथमिकताका र राम्रो नतिजा दिने आयोजनामा यथेष्ठ बजेट विनियोजन हुन नसकेको उनले बताए । बजेटरी प्रणालीमा समस्या देखिएकाले त्यसमा सुधार आवश्यक रहेको महतले बताए । अगाडि बढाउन नसकिने र स्रोत व्यवस्थापन गर्न नसकिने आयोजना रद्द गरिनुपर्ने उनको भनाइ छ ।

# नेप्सेमा उछाल, ४० अंकले बढ्दा २२ अर्बको कारोबार

**काठमाडौं (प्रस)–** साताको कारोबारको पहिलो दिन सोमबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा एक दशमलव ४७ प्रतिशतको वृद्धि देखिएको छ । नेप्से परिसूचक ४० दशमलव ७६ अंकले बढेर दुई हजार सात सय ९६ दशमलव ३८ को बिन्दुमा कायम भएको हो ।





तीन सय २६ कम्पनीको चार करोड ९७ लाख ७३ हजार सात सय ३० कित्ता सेयर दुई लाख ३८ हजार ७८ पटक खरिदबिक्री हुँदा रु २१ अर्ब ८६ करोड ४९ लाख ९२ हजार दुई सय ७७ बराबरको कारोबार भएको छ । होटल तथा पर्यटन समूहको उपसूचक सबैभन्दा धेरै छ दशमलव ६९ प्रतिशतले बढेको छ । त्यस्तै, जलविद्युत् समूह तीन दशमलव ०९, लगानी तीन दशमलव ५२, जीवन बीमा तीन दशमलव २३, जीवन बीमा एक दशमलव २५, व्यापार पाँच दशमलव ७० र अन्य समूह पाँच दशमलव ७३ प्रतिशतले बढेको छ । अरु समूहको उपसूचक भने रातो देखिएको छ ।

आठवटा कम्पनीको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । रुरु जलविद्युत् परियोजना लिमिटेड, सिइडिबी हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड, सगरमाथा जलविद्युत् कम्पनी लिमिटेड, कुथेली बुखारी स्मल हाइड्रोपावर लिमिटेड, भगवती हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड, माथिल्लो मैलुङ खोला जलविद्युत् लिमिटेड, भिजन लुम्बिनी ऊर्जा कम्पनी लिमिटेड र मुक्तिनाथ कृषि कम्पनी लिमिटेडको सेयर मूल्य १० प्रतिशतले बढेको हो । नेपाल फाइनान्स लिमिटेडको सेयर मूल्यमा भने नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकम र कारोबार भएका सेयर संख्याका आधारमा सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु एक अर्ब २६ करोड चार लाख ८८ हजार सात सय ७२ बराबरको १५ लाख ४९ हजार ९८ कित्ता सेयर किनबेच भएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागि::arketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ